रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ८ अङ्क १८ पूर्णाङ्क ३३६ २०७९ मङ्सिर ७ गते बुधबार | Wednesday, 23 November 2022 | www.eratokhabar.com/ www.ratokhabar.com | मूल्य रु. १०

संसदीय चुनाव सशक्त अवज्ञा

चुनाव अवज्ञा गरी स्वाधीन संयुक्त सरकार निर्माण गर्दै वैज्ञानिक समाजवादी व्यवस्था ल्याउन अग्रसर बनौं

काठमाडौँ/ नेकपा (बहुमत) ले संसदीय निर्वाचन डटेर अवज्ञा गरेको छ । सयौंको गिरफ्तारी, हिरासतलगायत सरकारी अवरोधको सामना गर्दै नेकपा (बहुमत) ले देशभर मतदान केन्द्रमा प्रदर्शन, धर्ना, जुलुस गरी पार्टी निर्णय लागू गर्दै संसदीय व्यवस्थाविरुद्ध भव्य जनमत तयार पारेको छ ।

यसअघि पार्टी प्रवक्ता सुदर्शनले संसदीय चुनाव अवज्ञा गर्न जनसमुदायलाई आह्वान गरेका थिए । शनिबार जनसमुदायका नाउँमा अपिल जारी गर्दै प्रवक्ता सुदर्शनले भनेका छन्, 'हाम्रो आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवन विकासका अवरोधहरूलाई मतदान गरी अवरोध हटाउन ढिला ... बाँकी ७ पृष्ठमा

रोहितलाई पार्टी केन्द्रीय कार्यालयद्वारा स्वागत

पार्टी, आन्दोलन र क्रान्तिका पक्षमा अझै स्पातिलो भर्स्र लाग्छु : रोहित

काठमाडौँ/ दलाल पुँजीवादी राज्यव्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गर्ने अभियानका क्रममा गिरफ्तार भएर तीन वर्ष जेल जीवन व्यतित गरी हालै रिहा भएका तत्कालीन नेपाल कम्युनिस्ट पार्टीको ... बाँकी ७ पृष्ठमा

'गिरफ्तार नेता-कार्यकर्तालाई रिहा नगरिए इँटको जबाफ पत्थरले दिन्छौं'

काठमाडौँ/ अखिल क्रान्तिकारीका अध्यक्ष मिलन राईले दलाल संसदीय व्यवस्थाको चुनाव अवज्ञा आन्दोलनका क्रममा गिरफ्तार गरिएका सङ्गठनका उपाध्यक्ष वीरेन्द्र शाहसहित सम्पूर्ण नेता-कार्यकर्तालाई बिनासर्त अविलम्ब रिहा नगरिए इँटको जबाफ पत्थरले दिने चेतावनी दिएका छन् ।

... बाँकी ७ पृष्ठमा

जनस्वयम्सेवकद्वारा गिरफ्तार नेता-कार्यकर्ताहरूको रिहाइको माग

काठमाडौँ/ युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय अध्यक्ष हरिश भट्टले दलाल संसदीय व्यवस्थाको चुनाव अवज्ञा आन्दोलनका क्रममा गिरफ्तार गरिएका सङ्गठनका कञ्चनपुर जिल्ला इन्चार्ज तथा केन्द्रीय सचिवालय सदस्य दीपेन्द्र ऐरी, जिल्ला सदस्य सुरत

... बाँकी ७ पृष्ठमा

चुनावमा जनताको अवज्ञा र वितृष्णा : संसदीय व्यवस्थाको असफलता

अम्बिका चन्द, काठमाडौँ/ नेपालमा संसदीय व्यवस्था असफल भइसक्यो र यसको विकल्पमा एक मात्र उत्तम व्यवस्था वैज्ञानिक समाजवाद स्थापना आवश्यकता पऱ्यो भन्ने जनमत बढिरहेको सन्दर्भमा हालै सम्पन्न संसदीय व्यवस्थाको निर्वाचनमा आमजनताको निराशा मात्र देखिएन, निर्वाचन अवज्ञा र बहिष्कार गर्ने मत पनि अत्यधिक बढेको देखिएको छ । परिणामस्वरूप नेपालको संसदीय व्यवस्थाको इतिहासमा २०४६ सालयताको आँकडामा सबभन्दा कम मत खस्यो ।

केही विश्लेषक र आममानिसले यसकोकारणका रूपमा वर्तमान निर्वाचन प्रणाली, वर्तमान राजनीतिक दलहरू, बुढापुराना नेताहरूको पुनरावृत्ति, दल वा दलीय नेताहरूप्रति आममान्छेको वितृष्णा यस्तैयस्तै बहस गरेको पाइन्छ । तर अरू सबै विषय सहायक मात्र भएको र वर्तमान संसदीय प्रणाली असफल भएका कारण यो व्यवस्थाको विकल्प आवश्यक भैसकेको भन्दै नेपाल कम्युनिस्ट पार्टी (बहुमत), नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), नेकपा मशाल, माओवादी कम्युनिस्ट पार्टी नेपाललगायत दल र अन्य केही समूहले समेत यसको अवज्ञा र बहिष्कार गरेका छन् ।

हालै सम्पन्न संसदीय निर्वाचनमा मतदाताहरूको सहभागिता, यसको सम्भावित मतपरिणामलाई हेर्दा र नेपालमा संसदीय व्यवस्था स्थापना भएको ५ दशकको अवधिमा यो व्यवस्था नेपालमा पूर्ण असफल भैसकेको छ र मानिसहरूमा यो व्यवस्थाप्रतिको वितृष्णा निकै बढेको छ । यो व्यवस्था असफल हुनु भनेको वैज्ञानिक समाजवादी व्यवस्थाको आवश्यकता र यसको बहसले आकार पाउनु हो भन्दै नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का प्रवक्ता सुदर्शन भन्छन्, 'नेपालमा वैज्ञानिक समाजवादको अनिवार्यता बन्दै गएको छ । आज राज्यको ठूलो अर्थतन्त्र विदेशमा गएका लाखौँ युवाले पठाएको रेमिट्यान्सले धानेको छ भने अबको १० वर्षको सेरोफेरोमा अरब होस् वा अन्य देशहरूको भौतिक संरचनाको निर्माणकार्य करिब अन्तिम चरणमा प्रवेश गर्नेछ र त्यहाँ श्रमिकहरूको माग घट्नेछ । त्यस्तो अवस्थामा युवाहरूको ठूलो सङ्ख्या स्वदेश फर्किने अवस्था बन्नेछ । त्यति बेलासम्म यता देशको अवस्था भनै कङ्गाल बनिसकेको हुनेछ । त्यसबेला एउटा ठूलो विद्रोह हुनसक्छ । अनि यहाँ सबैखाले समस्या, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरू गम्भीर बन्दै जानेछन् । राज्यसत्ता पूर्ण रूपले असफल हुनेछ र वैज्ञानिक समाजवादी क्रान्तिका लागि शक्तिशाली आधार तयार गर्नेछ ।'

नेता सुदर्शन अगाडि भन्छन्, 'आज मान्छेहरू, खासगरी युवाहरूमा जुन निराशा छ यो संसदीय व्यवस्था असफल भएको परिणाम हो । यो निराशा आक्रोशमा परिणत हुनसक्ने छ ।'

नेता सुदर्शनले भनेजस्तै अहिलेको निर्वाचनको परिणामलाई हेर्दा पनि मतदाताहरूले ठूला भनिएका पार्टी र नेताहरूलाई होइन, नामै नसुनिएका तर स्वतन्त्र भनेर उठेका सामान्य व्यक्तिहरूलाई मत दिएका छन् । उच्च व्यक्तित्व बनाएका (हाई फ्रोफाइल) हरूलाई समेत निर्वाचनमा धक्का लाग्नु भनेको व्यवस्थाप्रति जनताको असन्तुष्टि विकल्पमा व्यक्त हुनु हो ।

यस्तै निर्वाचन प्रणाली महँगो हुनु, निर्वाचनमा साम, दाम, दण्ड, भेद, जाल, झेल, गुन्डागर्दीको बढी प्रयोग हुनु, इमानदार ... बाँकी ७ पृष्ठमा

संसदीय व्यवस्था पूर्ण रूपमा असफल

वैज्ञानिक समाजवादतिर अघि बढौं : नेकपा (बहुमत), सङ्घर्षको मोर्चामा डट्ने योद्धाहरूलाई सलाम : प्रवक्ता सुदर्शन

काठमाडौँ/नेकपा (बहुमत) ले संसदीय व्यवस्थाप्रति जनताको चरम घृणा र अविश्वासका कारण यो व्यवस्था पूर्णतः असफल भएको प्रमाणित भएको धारणा सार्वजनिक गरेको छ । पार्टी प्रवक्ता सुदर्शनले आइतबार साँझ प्रेस विज्ञप्ति जारी गर्दै असफल संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद भएकाले वैज्ञानिक समाजवादी सत्ता स्थापनाको दिशातर्फ अघि बढ्न सम्पूर्ण देशभक्त, क्रान्तिकारी शक्तिलाई आह्वान गरेका छन् । चुनाव अवज्ञाका क्रममा गिरफ्तार भएका पार्टीका सम्पूर्ण नेता-कार्यकर्तालाई अविलम्ब रिहा गर्न माग गर्दै प्रवक्ता सुदर्शनले सङ्घर्षको मोर्चामा डट्ने योद्धाहरूलाई हार्दिक अभिवादन पनि गरेका छन् ।

विज्ञप्ति जारी गरी पार्टी प्रवक्ता सुदर्शनले समग्र अवज्ञा अभियानको मूल्याङ्कन गर्दै यसले दलाल पुँजीवादी संसदीय राज्यव्यवस्थाको विकल्प वैज्ञानिक समाजवादप्रति जनआकर्षण बढाएको, नेकपा (बहुमत) को कार्यदिशा, कार्यक्रम र कार्यनीतिलाई सापेक्षतामा स्थापित गर्न सफल भएको, चुनावमा 'मतदाताको उत्साह देखिएन', 'मतदाताको फ्लो देखिएन' भन्ने संसद्वादी नेताहरूकै भनाइ र केही परिकलन गणित (अल्गोरिदम) का विज्ञहरूको भनाइअनुसार '३५ देखि ४० प्रतिशत मात्र मत खसेको' कुराले संसदीय पुँजीवादी व्यवस्थाप्रति जनघृणा व्याप्त भएकाले यस व्यवस्थाअन्तर्गत हुने चुनावसम्बन्धी पार्टीको निर्णय सही रहेको स्पष्ट पारेको संश्लेषण पनि गरेका छन् । प्रवक्ता सुदर्शनले पछिल्लो अवस्थाले क्रान्तिकारीहरूबीच संसदीय व्यवस्थाअन्तर्गत हुने चुनावसम्बन्धी धारणामा बुझाइको नजिक ल्याएको र क्रान्तिकारी पार्टीले जुनसुकै स्थितिमा पनि आफ्नो विकल्प प्रस्तुत गरिरहनुपर्दछ भन्ने प्रमाणित भएको पनि प्रस्ट्याएका छन् ।

पार्टी प्रवक्ता सुदर्शनले विज्ञप्तिमा भनेका छन्, 'नेपाली श्रमजीवी तथा उत्पीडित जनताको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले नवउदारवादी अर्थव्यवस्थाअन्तर्गत दलाल पुँजीवादको जगमा उभिएको दलाल पुँजीवादी संसदीय व्यवस्थाअन्तर्गत हुने चुनाव अवज्ञा गर्ने निर्णय लिएको कुरा सर्वविदितै छ । चुनाव अवज्ञा अभियान प्रचारात्मक, आन्दोलनात्मक र क्रियात्मक गरी तीन चरणमा सम्पन्न भएको छ । हाम्रो पार्टीले एकल र क्रान्तिकारी पार्टीहरूसँग कार्यगत एकता गरी चुनाव अवज्ञा अभियान सम्पन्न गरेको छ । यो अभियानमा आमजनसमुदायको सहभागिता, सहयोग र व्यापक चासो रहेको छ । यसका लागि आमजनसमुदायप्रति हामी हार्दिक धन्यवाद र अभिवादन अर्पण गर्दछौं ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यो अभियानमा पूर्ण उत्साहका साथ खट्ने पार्टी नवौँ महाधिवेशन आयोजक समितिका विभिन्न तहका कमरेडहरू र आमकार्यकर्ताहरू, विभिन्न जनवर्गीय सङ्गठन, राष्ट्रिय मोर्चाहरू, युवा जनस्वयम्सेवक नेपाल, पेसागत सङ्गठनहरू, सहिद तथा बेपत्ता परिवार, घाइते तथा अपाङ्ग योद्धाहरूलाई लालसलाम टक्र्याउँछौं । साथसाथै सहकार्यमा रहनुभएका नेकपा ... बाँकी ७ पृष्ठमा

हिरासतमुक्त नेता-कार्यकर्तालाई कञ्चन र सुदर्शनले गरे स्वागत

काठमाडौँ/ संसदीय चुनाव अवज्ञा आन्दोलनका क्रममा काठमाडौँबाट आइतबार गिरफ्तार गरिएका नेकपा (बहुमत) का सचिवालय सदस्य एवम् बागमती उपत्यका ब्युरो इन्चार्ज शरद रसाइलीसहित २४ जना आज हिरासतमुक्त भएका छन् । काठमाडौँका विभिन्न स्थानमा रहेका प्रहरी हिरासतबाट उनीहरू मुक्त भएका हुन् । पार्टी संयोजक कञ्चन र पार्टी प्रवक्ता सुदर्शनको उपस्थितिमा सबैलाई रिहा गरिएको हो । रिहाइपछि काठमाडौँमा कार्यक्रम आयोजना गरी हिरासतमुक्त नेता-कार्यकर्तालाई पार्टी संयोजक कञ्चन र प्रवक्ता सुदर्शनले स्वागत अभिनन्दन गरेका छन् ।

माइतीघर मण्डलामा निर्वाचन अवज्ञा आह्वान गर्दै आइतबार निकालिएको जुलुसबाट गिरफ्तार गरिएकाहरूमध्ये महानगरीय प्रहरी वृत्त सोह्रखुट्टेमा राखिएका नेकपा (बहुमत) का ... बाँकी ७ पृष्ठमा

संसदीय व्यवस्था र चुनावविरुद्ध देशभर प्रदर्शन

काठमाडौँ/ नेकपा (बहुमत) ले संसदीय व्यवस्था र उसले गराएको चुनावका विरुद्ध देशव्यापी रूपमा प्रभावकारी प्रदर्शन गरेको छ । यसअघि देशव्यापी पर्चा, पम्प्लेटिङ, भित्तेलेखनलगायत गतिविधि र अवज्ञा सभाहरूका माध्यमबाट संसदीय व्यवस्थाका विरुद्ध र वैज्ञानिक समाजवादका पक्षमा प्रचारात्मक आन्दोलन गरेको नेकपा (बहुमत) ले निर्वाचनको अघिल्लो दिन देशव्यापी मशाल जुलुस निकाल्नुका साथै साथसाथै कोणसभाहरू सम्पन्न गरेको थियो । मङ्सिर ४ गते भने देशभरका ... बाँकी ७ पृष्ठमा

नेकपा (बहुमत) द्वारा मतपेटिका तोडफोड

पोखरा/नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले आज भएको संसदीय चुनाव अवज्ञा गर्ने नीतिअनुसार मतपेटिका फुटाएको छ । नेकपा (बहुमत) ले कास्कीको माछापुच्छ्रे गाउँपालिकाअन्तर्गत तारेबराह आधारभूत विद्यालय लुम्रे मतदान उपकेन्द्रमा रहेको मतदान केन्द्रको मतपेटिका फुटाएको हो ।

नेकपा (बहुमत) का कार्यकर्ताले मतदान केन्द्रमा नै प्रवेश गरी मतपेटिका फुटाएको जानकारी प्राप्त भएको छ ।

संसद्वादी आहालमा चिल्लिएका विप्लवको अरण्य रोदन

देश/परिवेश

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'

कात्तिक ५ गतेको मिति हालेर विप्लवले 'दुई घातक हमलाविरुद्ध सङ्घर्ष' शीर्षक दिँदै एउटा निबन्ध आफ्ना प्रकाशनहरूमा प्रकाशित गरेका छन् । उनले त्यसमा एउटा घातक भनिएको हमला सरकार सम्बन्धमा केन्द्रित गरेका छन् जसमा नेपाल सरकारले विप्लवलाई संसदीय चुनावमा भाग लिन तयारी गर्दागर्दै वारेन्ट जारी गरेर चुनावमा भाग लिन नपाएको आक्रोश पोखिएको छ । उनले दोस्रो हमला नेपाल कम्युनिस्ट पार्टी (बहुमत) तिर सोझ्याएका छन् जसमा (बहुमत) पुनर्गठन हुनुबाट पैदा भएको रोष, कुण्ठा र आक्रोशको बौछार गरेका छन् । सरकारसँगको आक्रोशका बारेमा कतिपय विषयहरू सान्दर्भिक उठाएका छन् जुन कुरा हामीसँग पनि सम्बन्धित छ । जस्तो सरकारले तीनबुँदे सहमति कार्यान्वयन नगर्नु र पछि हट्नु देशको समस्या, राजनीतिक आन्दोलन र जनताको मामिलाप्रतिको विश्वासघात हो । यस्तो विश्वासघातले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत राज्यप्रतिको विश्वसनीयता गुमेको छ । हुनत हाम्रा कार्यकर्ताहरू जेलमा राख्न कतिपय वैदेशिक दबाब नै प्रमुख रहेको बताइन्छ र हाम्रो टाउकोमाथि मुद्दाको तरबार झुन्ड्याउन विदेशीकै सुझावले काम गरेको भनिन्छ तर पनि सरकारको नीतिले अर्काको आदेशमा राज्य चलाउने नवऔपनिवेशिक र पराधीन भएको नै पुष्टि गर्छ । राज्यले गरेको राजनीतिक सहमति एनसेल, एमसीसीजस्ता वैदेशिक कम्पनीहरूको दबाब र सुझावमा कार्यान्वयन गर्नु, राज्यको विश्वसनीयतामाथि सङ्कट निम्त्याउनु हो । यसबारे विप्लवको चासो हुनु स्वाभाविक हो । त्यसमा हाम्रो पनि ऐक्यबद्धता हुन आउँछ ।

दोस्रो घातक हमला भनेर विप्लवले हाम्रो पार्टी र नेतामाथि तथानाम लाञ्छनाहरू थोपरेका छन् । त्यसमा उनको वास्तविक चरित्र उदाङ्गो भएको छ जसमा उनको गैरराजनीतिक, वितण्डा र हुलहुज्जतपन्थी चरित्र सतहमा उत्रिएको छ । केन्द्रीय समितिको १२ औँ बैठकमा जसरी उनको आधारभूत सैद्धान्तिक विचलन देखापऱ्यो, त्यसलाई सच्याउनु नै उनको बुद्धिमानी हुन सक्थ्यो । तर उनले त्यसलाई सच्याउनुको बदला संसद्वादतिर प्रवेश गर्ने रुझानले उनको वास्तविक चरित्र उजागर गऱ्यो । क्रान्तिकारी आन्दोलनमा यसप्रकारका पात्रहरू समयसमयमा पैदा हुने गर्छन् । समाजमा कुनै न कुनै प्रकारको ... बाँकी ३ पृष्ठमा

सम्पादकीय

संसदीय व्यवस्थाकै अवज्ञा

जनता सधैँ विद्रोह, अग्रगमन र परिवर्तन चाहन्छ । वास्तवमा परिवर्तन श्रमिक/उत्पीडित जनताका लागि आवश्यक छ । जनता राष्ट्रियताको पहरेदार र रक्षक हो । बिनाफर्मेसन जनताले निरन्तर राष्ट्रियता, जनतन्त्र र जनजीविकाको आन्दोलनमा मेरुदण्डको काम गरिरहेको हुन्छ । व्यवस्था र पार्टी र नेताहरू देश र जनताको रक्षा, सुख, समृद्धि, विकास र शान्तिका व्यवस्थापक हुन् । संसारमा आजसम्म भएका प्रयोगहरूमा वैज्ञानिक समाजवाद नै राष्ट्रियता र श्रमिक जनताको असल सहयात्री, पथप्रदर्शक र अभिभावक बनेको छ र यो निरन्तर निर्विकल्प बन्दै गएको छ । पुँजीवादी र साम्राज्यवादी व्यवस्थाका जनघाती, राष्ट्रघाती र द्रोही चरित्रका कारण संसारभर त्यो अलोकप्रिय मात्र होइन, असफल र बदनाम बनिसकेको छ । नेपालमा भित्र्याइएको खच्चड/ऐँजेरु पुँजीवाद अर्थात् दलाल पुँजीवादले संसारमा कहीँ पनि नभएको जात्रा देखाइरहेको छ र देश र जनताको दोहन गरिरहेको छ । त्यसैले यो दैनन्दिन मृत्युशैयातिर धकेलिइरहेको छ र मालेमावादी, सच्चा क्रान्तिकारी शक्तिहरूको सचेत पहल, प्रयत्न र जनताको उठ्दो चेतनाका कारण दलाल पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवादको स्थापना निकट बन्दै गएको छ ।

जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवाद- साम्यवाद स्थापनाका लागि भएको महान् जनयुद्धका उपलब्धि र जनयुद्धका मुख्य नेतृत्वकर्तालाई अपहरण/खरिद गरेर यी डेढ दशकमा दलाल पुँजीवादले रजगज गरे पनि संसदीय व्यवस्थाको पछिल्लो निर्वाचनले जनता यो व्यवस्थाबाट वाक्क, दिक्क र आजित भएर भरपर्दो विकल्प खोजिरहेका छन् भन्ने प्रस्ट पारेको छ । नेकपा (बहुमत) ले आह्वान गरेको चुनाव अवज्ञा आन्दोलनले संसदीय व्यवस्थाको विकल्पमा अघि सारिएको वैज्ञानिक समाजवाद जनताको मनमनमा स्थापित बन्दै गएको छ । यो व्यवस्थाका विरुद्ध जनताले पार्टीले आह्वान गरेको अवज्ञा आन्दोलन र विद्रोहमा राम्रो र उत्साहजनक साथ दिएर नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्ने विचार र नेतृत्व नेकपा (बहुमत) र क्रान्तिकारी शक्तिहरूमै छ भन्ने पनि प्रमाणित गरिदिएका छन् ।

दलाल पुँजीवादी संसदीय व्यवस्थाले आफ्नो रक्षाका लागि मङ्सिर ४ गते गराएको चुनावप्रति अवज्ञा, अविश्वास, तिरस्कार र विद्रोह गरेर जनताले यो व्यवस्थाप्रतिको चरम असन्तुष्टि र अवज्ञा प्रकट गरेका छन् । अनैतिक, अपवित्र, अलोकतान्त्रिक गठबन्धन, डर, त्रास, पैसाको खोलो, क्रान्तिकारी शक्तिको गिरफ्तारी, मारपिटलगायत हर्कतहरू गर्दा पनि चुनावमा कतिपय स्थान शून्य मत, अधिकांश स्थानमा न्यून मत र समग्रमा ४० प्रतिशत पनि मतदान नहुनु, कास्कीलगायत ठाउँमा मत खसाल्न प्रयोग गरिएका बाकसहरू नै क्रान्तिकारी शक्तिको कब्जामा आएर तोडफोड हुनु, प्रारम्भिक मत परिणामहरूमा परम्परावादी शक्ति र अवैध/निकृष्ट गठबन्धनप्रति जनताले चरम अविश्वास र घृणा प्रकट गर्नु यो व्यवस्थाको पूर्ण असफलता हो । जनताले संसदीय व्यवस्थाको भरपर्दो विकल्प खोजिरहेका छन् र त्यो विकल्प नेकपा (बहुमत) ले अघि सारेको कार्यदिशाअनुसारको वैज्ञानिक समाजवादी व्यवस्था नै हो भन्ने थप प्रस्ट र प्रमाणित भएको छ ।

संसदीय चुनावपछि नेकपा (बहुमत) ले विज्ञप्ति जारी गरेर संसदीय व्यवस्थाप्रति जनताको चरम घृणा र अविश्वासका कारण यो व्यवस्था पूर्णतः असफल भएको प्रमाणित भएको संश्लेषण गरेको छ । पार्टी प्रवक्ता सुदर्शनले असफल संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद भएकाले वैज्ञानिक समाजवादी सत्ता स्थापनाको दिशातर्फ अघि बढ्न सम्पूर्ण देशभक्त, क्रान्तिकारी शक्तिलाई आह्वान गरेका छन् । पार्टीले सञ्चालन गरेको अवज्ञा आन्दोलनका कारण दलाल पुँजीवादी संसदीय राज्यव्यवस्थाको विकल्प वैज्ञानिक समाजवादप्रति जनआकर्षण बढाएको, नेकपा (बहुमत) को कार्यदिशा, कार्यक्रम र कार्यनीतिलाई सापेक्षतामा स्थापित गर्न सफल भएको, चुनावमा ‘ मतदाताको उत्साह देखिएन’, ‘मतदाताको फ्लो देखिएन’ भन्ने संसद्वादी नेताहरूकै भनाइ र केही परिकलन गणित (अल्गोरिदम) का विज्ञहरूको भनाइअनुसार ‘३५ देखि ४० प्रतिशत मात्र मत खसेको’ कुराले संसदीय पुँजीवादी व्यवस्थाप्रति जनघृणा व्याप्त भएकाले यस व्यवस्थाअन्तर्गत हुने चुनावसम्बन्धी पार्टीको निर्णय सही रहेको नेकपा (बहुमत) को निष्कर्षले पनि नेपालमा अब संसदीय व्यवस्थाको आयु धेरै लामो नरहेको स्पष्ट सङ्केत गरेको छ । पार्टीले संसदीय चुनाव अवज्ञा गर्ने निर्णयका साथ यसलाई सफल बनाउन प्रचारात्मक, आन्दोलनात्मक र क्रियात्मक गरी तीन चरणमा आफ्नो कार्यक्रम सम्पन्न गरेको छ । यसले जनतालाई वैज्ञानिक समाजवादी व्यवस्थातर्फ लम्किन राम्रोसँग प्रेरित गरेको छ ।

संसदीय व्यवस्थाभित्र भइरहेका अत्यन्त न्यूनकोटीका गतिविधि, हर्कत, मारपिट, भ्रष्टाचार, राष्ट्रघात, महँगी, बेरोजगारी, युवा/प्रतिभा पलायनलगायत कारण राष्ट्रियता, जनतन्त्र, जनजीविकाका विषयहरू कमजोर बनेर सङ्कटग्रस्त बन्दै गएका छन् । दलाल पुँजीवादी व्यवस्थाले न राष्ट्रियताको रक्षा गर्न सक्छ, न त जनतन्त्र र जनजीविकाको समस्या नै समाधान गर्न सक्छ । पुगनपुग तीन करोड जनसङ्ख्या भएको मुलुकमा एक करोड हाराहारी युवा जनशक्ति रोजगारी, शिक्षा र सीपका लागि भौँतारिँदै विदेशको भूमिमा पुग्नु र वैदेशिक रोजगारीमा गएका युवाले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र धानिनु भनेको दलाल पुँजीवादी व्यवस्थाको चरम असफलता र सङ्कट नै हो । दलाल व्यवस्थाका रक्षकहरू देशमा उद्योग, कलकारखाना खोलेर, कृषिमा आधुनिकता ल्याएर रोजगारी सिर्जना गर्नु त कता हो कता, मत माग्दा पनि फ्रि भिसा, फ्रि टिकटको व्यवस्थाको नारा लगाउने अवस्थामा पुगेका छन् । देश र जनताका लागि योभन्दा लाजमर्दो र निम्छरो अवस्था अरू कुन हुनसक्छ ? पैसाका लागि मानिस बेच्ने अवस्थामा पुग्नु भनेको यो व्यवस्थाको पूर्ण असफलताको द्योतक हो । पुँजीवादी व्यवस्थाको विकल्प अर्को पुँजीवादी व्यवस्था, सरकार, दल वा नेता हुन सक्तैनन् । यसको विकल्प वैज्ञानिक समाजवादी व्यवस्था मात्रै हो । देश र दलाल पुँजीवादी व्यवस्थाको असफलताको पछिल्लो अवस्थाले क्रान्तिकारीहरूबीच एकता, ध्रुवीकरण र निर्णायक विद्रोहको अत्यावश्यकता बोध गराएको छ । यसका लागि नेकपा (बहुमत) को संश्लेषण ‘हामी यस अवसरमा विभिन्न तथाकथित कम्युनिस्ट घटकहरूभित्र रहनुभएका क्रान्तिकारी विचार समूह, सम्पूर्ण क्रान्तिकारी पार्टी र देशभक्तहरूलाई एउटै झन्डामुनि रही स्वाधीन संयुक्त सरकार निर्माण गर्दै वैज्ञानिक समाजवादतिर अघि बढ्न आह्वान गर्दछौँ’ भन्ने आह्वानलाई कार्यरूप दिनु आवश्यक छ ।

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को विशेष राष्ट्रिय भेलाबाट पारित राजनीतिक प्रस्ताव

वैज्ञानिक समाजवादको बाटोमा अघि बढौँ !
संशोधनवाद, संसद्वाद र विसर्जनवादविरुद्ध सङ्घर्ष गरौँ !!

केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष र सचिव कमरेड, विशेष भेला आयोजक समितिका सदस्य कमरेडरू, सम्पूर्ण *प्रतिनिधि कमरेडहरू,*

हार्दिक क्रान्तिकारी अभिवादन !

बैठकको प्रारम्भमा नेपाली क्रान्तिका लागि जीवन अर्पण गर्ने महान् सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरौँ, बेपत्ता योद्धाहरूप्रति सम्मान प्रकट गरौँ, नेपाली जनताको राजनीतिक परिवर्तन र मानव जातिको मुक्तिका लागि सङ्घर्ष गर्ने क्रममा घाइते हुनुभएका घाइते-अपाङ्ग योद्धाहरूप्रति सम्मान प्रकट गरौँ ! राजनीतिक परिवर्तनका लागि सङ्घर्ष गर्ने क्रममा विभिन्न झूट्टा मुद्दाहरू लगाई बन्दी बनाइनुभएका सम्पूर्ण राजबन्दीहरूको रिहाइका लागि सङ्घर्ष गरौँ ! मार्क्सवाद-लेनिनवाद-माओवाद, वैज्ञानिक समाजवाद र महान् सर्वहारा सांस्कृतिक क्रान्तिको झन्डालाई सधैँभरि फहराइरहने प्रण गरौँ !

१. भूमिका

कमरेडहरू,

हाम्रो पार्टीको राजनीतिक जीवनमा हामी अत्यन्त जटिल र पेचिलो मोडमा आइपुगेका छौँ । यो अवस्थामा पार्टीले ऐतिहासिक जिम्मेवारीलाई गम्भीरतापूर्वक बहन गर्नुपर्नेछ । संयोग नै मान्नुपर्छ, सर्वहारा वर्गका महान् दार्शनिक कार्ल मार्क्सको २०५ औँ वार्षिक उत्सवका बीचमा हामी पार्टीको पुनर्गठन गर्दैछौँ र त्यही ऐतिहासिक कार्यभार पूरा गर्न विशेष राष्ट्रिय भेलामा सहभागी भएका छौँ ।

यतिबेला हामीले कार्ल मार्क्सको त्यो भनाइलाई मनन गर्न आवश्यक छ, जो फ्रान्सको वर्गसङ्घर्षको संश्लेषण गर्ने क्रम्मा भनुभएको थियो, ‘यी पराजयहरूमा जसको मृत्यु भयो त्यो क्रान्ति थिएन । यी क्रान्तिपूर्व रहेका परम्परागत लुर्कनहरू (परिशिष्टहरू) तथा ती सामाजिक सम्बन्धका नतिजाहरू थिए, जुन अझै तीव्र वर्गविरोधको बिन्दुमा आइपुगेका थिएनन्- व्यक्तिहरू, भ्रमहरू, अवधारणाहरू, परियोजनाहरू, जसबाट क्रान्तिकारी पार्टी फेब्रुअरी क्रान्तिभन्दा पहिले स्वतन्त्र थिएनन्, जसबाट यो फेब्रुअरीको विजयबाट मात्र होइन, केवल पराजयका शृङ्खलाद्वारा मुक्त हुन सक्थ्यो ।’ *(फ्रान्समा वर्गसङ्घर्ष -कार्ल मार्क्स)*

(What succumbed in these defeats was not revolution. It was the prerevolutionary traditional appendages, results of social relationships which has not yet come to the point of sharp antagonism – persons, illusions, conceptions, projects, from which the revolutionary party before the February Revolution was not free, from which it could be freed not by the victory of February but only by a series of defeats. (Karl Marx, The Class Struggle in France)

कार्ल मार्क्सले भनेजस्तै तत्कालीन महासचिव विप्लवमा देखिएका वैचारिक, राजनीतिक र सङ्गठनात्मक विचलन क्रान्तिकारी पार्टी र नेतृत्वको विसर्जन थिएन, विप्लवमा रहेका परम्परावादी लुर्कनहरूको विसर्जन थियो जुन कम्युनिस्ट आन्दोलनमा देखिने आडम्बर, अजीर्णता, भ्रमहरू, अवधारणा र रोमाञ्चकताको समुच्चता थियो, जसबाट सम्बन्धविच्छेद गरेर मात्र एउटा क्रान्तिकारी पार्टी वास्तविक रूपमा क्रान्तिकारी हुन सक्थ्यो । जुन कार्यनीतिका सन्दर्भमा पार्टीभित्र दुई लाइन सङ्घर्ष चल्यो र तत्कालीन महासचिवको कार्यनीति पराजित भयो, त्यो सम्भवतः नेपाली कम्युनिस्ट आन्दोलनमा अद्वितीय घटना हो । महासचिवको प्रस्ताव केन्द्रीय समितिमा पराजित भएको विरलै पाइन्छ र प्रस्ताव पराजित भएपछि महासचिवले नैतिकताका आधारमा राजीनामा दिनुपर्थ्यो । पार्टी एकतालाई अक्षुण्ण राख्न र विगतका लाइन सङ्घर्ष र फुटका विरासतमा क्रमभङ्ग गरी कम्युनिस्ट आन्दोलनमा नयाँ संस्कृतिको जग बसाउन हामीले त्यसको माग गरेनौँ र उहाँले त्यसप्रकारको राजनीतिक नैतिकता पनि देखाउनुभएन ।

पार्टीभित्रको सैद्धान्तिक एवम् वैचारिक बहस अन्ततः दुई लाइनको सङ्घर्षमा विकास भयो । दुई लाइन सङ्घर्ष निश्चित रूपमा एकाएक देखिएको होइन । यसको वास्तविक कारण पार्टीको कार्यदिशामा भएको सारसङ्ग्रहवाद हो र स्वयम् विप्लवमा रहेको एकीकृत जनक्रान्तिको सारसङ्ग्रहवादी बुझाइ हो । विप्लवमा देखिने निम्नपुँजीवादी रोमान्टिसिज्म (निम्नपुँजीवादी स्वच्छन्दतावाद) दोस्रो विचलनको कारण देखापर्छ । तेस्रो कारण गैरसर्वहारावादी राजनीतिक संस्कृति देखापर्छ । यही कारण विप्लवमा अवसरवाद, आर्थिक अराजकतावाद, अर्थवाद, जुझारु अर्थवादजस्ता समस्याहरू देखापरे ।

झट्ट हेर्दा १२ औँ केन्द्रीय समितिको बैठकमा औपचारिक प्रस्तावसहित संसदीय चुनावको उपयोग गर्ने नीति सारेर जानी-नजानीकन विप्लवले पार्टीलाई संसद्वादी सुधारवादमा लैजाने प्रयत्न गरेको देखिन्थ्यो । तर अनौपचारिक प्रस्ताव गत वर्ष सरकारसँग सहमति भएपछि वैशाखमा भएको दसौँ केन्द्रीय समितिको बैठकमा चुहाइएको थियो । बाह्रौँ केसमा जुन बहस पार्टीमा भयो र अत्यधिक केन्द्रीय सदस्यहरूले विप्लवको चुनावपरस्त कार्यनीति खारेज गऱ्यो त्यसले वास्तविक अर्थमा नेपाली कम्युनिस्ट आन्दोलनमा विचारको श्रेष्ठता (ideological supremacy) स्थापित गऱ्यो । परन्तु केन्द्रीय समितिको निष्कर्षलाई लत्याउँदै निर्णयका विरुद्ध जानुले उनको नोकरशाही सङ्गठनात्मक पद्धति मात्र देखिएन, जुझारु सङ्घर्षलाई अर्थवादमा पतन गर्ने राजनीतिक रुझानले उग्रवामपन्थी खोलभित्र दक्षिणपन्थी अवसरवादको बाटो समातेको प्रस्ट भयो ।

विप्लवमा देखिएको विचलनको सैद्धान्तिक कारण उनले प्रस्तुत गरेको ‘एकीकृत जनक्रान्ति कार्यदिशा’ भित्र अभिलिप्त सारसङ्ग्रहवादी बुझाइ हो । दर्शनका क्षेत्रमा परिभाषित



गरिएको ‘सजातीय’ र ‘विजातीय’ पदावलीको प्रयोगले उनलाई दार्शनिक रूपले एकमनावाद, अर्थशास्त्रमा जुझारु अर्थवाद, सामाजिक जीवनमा निरङ्कुशतावादी अराजकतामा लैजानु स्वाभाविक थियो । उनको विचलनका पछि रहेको व्यावहारिक कारण ठोस रूपमा के थियो भन्ने तथ्य भविष्यमा उजागर हुँदै जानेछ । विप्लवमा व्यावहारिक रूपले क्रान्तिप्रतिको जुझारुपना, भावनात्मक रूपमा क्रान्तिप्रेमीजस्तो देखिए पनि मूलतः वैचारिक अस्पष्टता, राजनीतिक अकर्मण्यता र सङ्गठनात्मक एकाधिकारवादी अराजकता देखापरेका छन् ।

नेपाली कम्युनिस्ट आन्दोलनमा हामीले नयाँ प्रकारको वाङ्मिङ, खुस्चेभ, ट्राट्स्की, मिलेँरा वा बर्नस्टिनजस्ता स्थापित संशोधनवादीहरूविरुद्ध लडिरहेका छैनौँ, हामी वैचारिक धरातल कमजोर रहेको पेट्टी बुर्जुवा रोमान्टिस्ट (निम्नपुँजीजीवी स्वच्छन्दतावादी), तिलस्मी अमूर्तावाद (mysterious abstractionism), काल्पनिक आशावाद, क्रान्तिकारी अजीर्णता, अराजकतावाद, अवसरवादसँग सैद्धान्तिक एवम् वैचारिक सङ्घर्ष गरिरहेका छौँ । यो सङ्घर्ष यसकारणले महान् सर्वहारा सांस्कृतिक क्रान्तिको विरासतमा उभिएको छ, हामीले पार्टी जीवनमा पैदा हुने र हुनसक्ने प्रवृत्तिको पहिचान गर्न सकौँ, त्यसको वैचारिक एवम् राजनीतिक समाधानको निरूपण गर्न सकौँ, सर्वहारा जनवादको रक्षा र विकास गर्न सकौँ ।

यी प्रवृत्तिको वैचारिक, राजनीतिक एवम् सङ्गठनात्मक सामना अहिले गर्नु छ र केवल यसप्रकारका प्रवृत्तिका विरुद्ध निरन्तर सङ्घर्ष गरेर मात्र पार्टीलाई सर्वहारा वर्गको स्पातिलो अग्रदस्ता बनाउन सम्भव हुनेछ । नेपालमा हुने वैज्ञानिक समाजवादी क्रान्ति सफल गर्ने ऐतिहासिक अभिभारा पूरा गर्न सम्भव हुनेछ ।

यिनै विजातीय प्रवृत्तिका विरुद्ध सचेतपूर्ण सङ्घर्ष गर्दै महान् सर्वहारा सांस्कृतिक क्रान्तिका मूल्य र मान्यताहरूको अवलम्बन गरेर, वास्तविक रूपमा आलोचना र आत्मालोचनाको कसीद्वारा आफ्नो कमजोरीमा आफैँले आगो लगाउने क्रान्तिकारी आदर्श र दृढताले मात्र इतिहासले माग गरेको जिम्मेवारीलाई हामीले पूरा गर्न सक्नेछौँ । यो ऐतिहासिक जटिलताको भट्टीमा उभिएर हामी सबैले प्रण गरौँ, यसमा हाम्रो पार्टी सफल हुनेछ र नयाँ इतिहास निर्माण गर्नेछ ।

२. वर्तमान परिस्थिति

क. अन्तर्राष्ट्रिय परिस्थितिको मूल्याङ्कन

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा १९८० को दशकमा अन्तर्राष्ट्रिय क्षेत्रमा आधारभूत अन्तरविरोधहरू, विभिन्न साम्राज्यवादी शक्तिहरूका बीचको अन्तरविरोध, साम्राज्यवाद र उत्पीडित राष्ट्र र जनताबीचको अन्तरविरोध, साम्राज्यवादी देशहरूमा बुर्जुवा र सर्वहाराबीचको अन्तरविरोध भनेर खुट्याइएको थियो । यी अन्तरविरोधहरूको साझा उद्गम पुँजीवादी उत्पादन सम्बन्ध हो र यो सामूहिक उत्पादन र निजीगत वितरणमा आधारित हुन्छ । पुँजीवादी उत्पादन सम्बन्धमा अहिले पनि आधारभूत परिवर्तन आएको छैन, यद्यपि उत्पादनपद्धतिमा विज्ञान र प्रविधिका कारण ठुलो परिवर्तन आएको छ ।

पुँजीवादी उत्पादन सम्बन्धमा निरन्तर आउने सङ्कट टार्न साम्राज्यवादले आफ्ना नीतिहरूमा निरन्तर परिवर्तन गरे पनि चिरस्थायी, वस्तुसङ्गत समाधान पैदा गर्न सकेको छैन । पुँजीवादी उत्पादन पद्धतिको आधारभूत अन्तरविरोध ‘सामाजिक उत्पादनविरुद्ध निजीगत वितरण‘ ले पैदा गर्ने सङ्कट समाधान गर्ने क्रममा पुँजीवादको साम्राज्यवाद हुँदै विभिन्न चरणमा विकास भयो र पछिल्लो चरणमा भूमण्डलीकृत निगम पुँजीवादका रूपमा विकसित भयो । त्यति बेला विकसित पुँजीवादका चरित्रहरूको गहिरो अध्ययन गरी लेनिनले पुँजीवाद साम्राज्यवादको उच्चतम रूप भनुभएको थियो, जसको चरित्र एकाधिकार, परजीवी र सडेगलेको तथा मरणासन्न थियो । आधुनिक पुँजीवादी साम्राज्यवादलाई कसरी परिभाषित गर्ने भनेर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा लामो समयदेखि बहस चलिरहेको थियो । आठौँ महाधिवेशनले त्यसलाई ‘उत्तर साम्राज्यवाद‘ नामकरण गऱ्यो र अनेक परिभाषा दिएर पुष्टि गर्न खोजे पनि त्यसको वास्तविक चित्र उत्रन सकेको थिएन । विप्लवको सारसङ्ग्रहवादी बुझाइका कारण त्यो परिभाषा पनि परित्याग गरिएको छ ।

निगम प्रणालीमा अति केन्द्रीकृत र भूमण्डलीकृत साम्राज्यवादले मौद्रिक बजारको माध्यमबाट विगतको केन्द्रित उत्पादन विकेन्द्रित र जटिल वितरणलाई सरलीकृत गरेको कारण १९ औँ र २० औँ शताब्दीको जस्तो अति उत्पादन र न्यून वितरणको समस्या २१ औँ शताब्दीमा कमजोर बनेको देखिन्छ । उत्पीडित देशहरूमाथि साम्राज्यवादी लगानी र बजारको बाँडफाँट साम्राज्यवादी देशहरूका बीचमा पूरा भएका कारण साम्राज्यवादी उत्पादन, वितरण र मुनाफा पद्धतिमा सापेक्षित स्थिरता देखापर्छ । यो स्थिरता बजारको पुनर्विभाजन नहुँदासम्मका लागि रहनेछ, साम्राज्यबीचको खटपटले विश्वमा पुनः अस्थिरता पैदा गर्नेछ । बीसौँ शताब्दीको मध्यसम्म साम्राज्यवादी देशहरूले बजारको विस्तार र श्रमजीवी जनताको लुटपाटका लागि जसरी युद्ध लड्ने गरेका थिए दोस्रो विश्वयुद्धको समाप्ति र समाजवादको विजयसँगै त्यसको चरित्रमा बदलाव आयो । रुस, चीन, पूर्वी युरोपलगायत एसियाका तमाम देशहरूमा स्थापना भएका समाजवादी सत्ताको प्रतिरोधका कारण सीधै उपनिवेश बनाउने पहिलेको नीतिमा बदलाव ल्याउँदै साम्राज्यवाद नवऔपनिवेशिक युगमा प्रवेश गऱ्यो जसमा संयुक्त राष्ट्रसङ्घका महासभादेखि जी-ट्वान्टीसम्मका महासम्मेलनहरूमा विगतका युद्धद्वारा फैसला गरिने बजारको बाँडफाँट र मुनाफा सुनिश्चित आपसी छलफल र बहसबाट हुने गऱ्यो । गरिब देशहरूमाथिको साम्राज्यवादी सहयोग यथार्थमा विकासोन्मुख र अल्पविकसित देशहरूमाथि साम्राज्यवादी पुँजी निवेश हो । यसप्रकारको पुँजी निवेशले गरिब राष्ट्रका सरकार र जनतामाथि उत्पीडन गर्दै आएको छ । देशमाथि कसले लगानी गर्ने र कुन देशको बजार कब्जा गर्ने भन्नेमा नै साम्राज्यवादी देशहरूका बीचमा अन्तरसाम्राज्यवादी अन्तरविरोध पैदा भइरहेको हुन्छ ।

साम्राज्यवादी सहयोग उनीहरूको निवेश हुनुको कारण जनतामा आर्थिक उन्नतिको विपरीत गरिबी, टाटपल्टाइ र अस्थिरता हुने गर्छ । गरिबीमा पिल्सिएको जनताले साम्राज्यवादको प्रतिरोध गर्छन्, सरकारले जनताका विरुद्ध राज्यको दुरुपयोग गर्छ र दमन गर्न पुग्छ । त्यसकारण तेस्रो विश्वका सरकारहरू साम्राज्यवादका एजेन्टका रूपमा काम गर्ने कारिन्दा मात्र हुन पुग्छन् । उत्पीडित राष्ट्रका सरकारहरू विभिन्न सहमति, सम्झौता र लेनदेनका अनुबन्धनले साम्राज्यवादसँग जोडिएका हुन्छन् । यसरी, साम्राज्यवाद र उत्पीडित जनताका बीचको अन्तरविरोध तीव्र रूपमा देखापर्छ । यहाँ के स्पष्ट हुन आवश्यक छ भने साम्राज्यवाद र उत्पीडित राष्ट्र र जनताका बीचको अन्तरविरोध प्रधान मान्ने पहिलेको अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको विश्लेषणलाई अहिले समालोचनात्मक दृष्टिले हेर्नुपर्छ ।

भूमण्डलीकृत पुँजीवादले विश्वभरका मजदुरलाई श्रमबजारमा श्रम बिक्री गर्न विवश गरे पनि श्रमको चरित्रमा परिवर्तन आएको छ । विज्ञानमा भएको पछिल्लो विकास, मूलतः सूचना तथा सफ्टवेर प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स र अति जटिल उपकरणहरूको प्रयोगले श्रमिकहरूको काम, श्रमको गति र उत्पादनको गुणमा व्यापक परिवर्तन आएको छ जसको कारण १९ औँ र २० औँ शताब्दीका शारीरिक श्रम बिक्री गर्ने सर्वहारा चरित्र बदलिएको छ । उत्पादनका साधनहरूमा भएको यो अद्वितीय विकासलाई विश्वका कतिपय मार्क्सवादी बौद्धिकहरूले उत्पादन शक्तिमा आएको परिवर्तन भन्ने विश्लेषण गरेको पाइन्छ जुन राजनीतिक विभ्रम मात्र हो । सर्वहारा चरित्रमा परिवर्तन आएको अहिलेको युगलाई लेनिनले संश्लेषण गर्नुभएको जस्तो साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगभन्दा विकसित **भूमण्डलीकृत साम्राज्यवाद र कम्युनिस्ट क्रान्तिको युग भन्नु उपर्युक्त हुनेछ** ।

साम्राज्यवादको भूमण्डलीकरण हुनुको परिणाम सामन्त र दलाल पुँजीपति वर्गलाई एकाधिकार पुँजीवादले आफ्नो अधीनमा एकाकार गरेको छ । यसले तेस्रो विश्वका उत्पीडित शासकहरूलाई अन्तर्राष्ट्रिय निगम पुँजीको औजार मात्र बनाएको छैन, अत्यधिक शोषण र चरम उत्पीडनका कारण सङ्कुचित राष्ट्रवादको बाफ पैदा गराउँछ । परिणामस्वरूप विश्वका कतिपय देशहरूमा राष्ट्रिय मुक्ति आन्दोलन चलेको भए पनि सङ्कुचित राष्ट्रवादले त्यसको नेतृत्व गर्न सक्नेछैन । कम्युनिस्ट दृष्टिकोणभन्दा बाहिरका आन्दोलनबाट मुक्ति प्राप्त गर्ने कल्पना केवल मृगमरिचिका मात्र हो । राष्ट्रिय मुक्ति, जातीय मुक्ति, क्षेत्रीय उत्पीडन, जातिभेद, रङ्गभेद, धार्मिक अहङ्कारका समस्याहरू कुनै पनि राष्ट्रिय मुक्ति आन्दोलनले समाधान गर्न सक्दैन, केवल सर्वहारावादी नेतृत्वबाट मात्र समाधान हुन सक्छन् ।

भूमण्डलीकृत साम्राज्यवादविरुद्ध अन्तर्राष्ट्रियतावादी कम्युनिस्टहरूले संयुक्त रूपमा प्रतिरोध गर्नु अहिलेको आवश्यकता हो । आआफ्नो देशमा दलाल पुँजीवादका विरुद्ध गरिने सङ्घर्षले अन्तिम निष्कर्षमा बुर्जुवा र सर्वहारा (अथवा पुँजीवादी र कम्युनिस्टबीचको अन्तरविरोध देखा पर्छ । यसरी अहिले विश्वराजनीतिक आन्दोलनमा पाँच प्रकारका आधारभूत अन्तरविरोध देखिन्छन् ।

पहिलो- विभिन्न साम्राज्यवादी देशहरूका बीचमा अन्तरसाम्राज्यवादी अन्तरविरोध, दोस्रो- साम्राज्यवादी देशहरू र उत्पीडित राष्ट्रहरूबीचको अन्तरविरोध, तेस्रो- साम्राज्यवाद र विश्वका उत्पीडित जनताका बीचको अन्तरविरोध, चौथो- साम्राज्यवादी देशहरूमा एकाधिकार पुँजीपति र कम्युनिस्ट (बुर्जुवा र सर्वहारा) बीचको अन्तरविरोध र पाँचौँ पुँजीवाद र समाजवादी सत्ताका बीचको अन्तरविरोध देखिन्छन् ।

विश्वमा अहिले वास्तविक समाजवादी सत्ता नभए पनि विगतमा वास्तविक समाजवादी सत्ता रहेको, समाजवादी सत्ताका लागि वस्तुगत आधार भएको, निकट भविष्यमा सत्ता जन्मने सम्भावना भएको र समाजवादका विरुद्ध साम्राज्यवादको युद्ध विश्वव्यापी रूपमा भएकाले यो अन्तरविरोधलाई गर्भमा रहेको भ्रुणका रूपमा मात्र सकिन्छ । यी आधारभूत अन्तरविरोधहरूमध्ये साम्राज्यवाद र उत्पीडित जनताका बीचको अन्तरविरोध प्रधान हो ।

... क्रमशः : अर्को अङ्कमा

संसद्वादी आहालमा चिल्लिए.....

प्रहसन गर्ने र बिलाउने पनि गर्छन् । त्यस्तै प्रकारका पात्र बनेका छन् विप्लव । जसका लागि हामीले लामो समय सहकार्य गऱ्यौँ, जसको नेतृत्वमा नेपाली क्रान्तिको कार्यभार पूरा गर्ने अभिलाषा पनि राख्यौँ तर उनको सैद्धान्तिक अल्पदृष्टि, राजनीतिक होचोपना, बच्कना बालरोग सतहमा देखापऱ्यो । उनमा तमाम प्रकारका राजनीतिक, वैचारिक र साङ्गठनिक समस्याहरू देखापरे । नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को दस्ताबेजमा उल्लेख भैसकेको छ– ' उनमा 'दार्शनिक रूपले सारसङ्ग्रहवाद, राजनीतिक दृष्टिले संसदीय संशोधनवाद, सङ्गठनात्मक दृष्टिले निषेधात्मक अधिभूतवाद, सङ्घर्षका दृष्टिले आत्मसुरक्षावाद र आर्थिक दृष्टिले जुझारु अर्थवाद देखापरे । यसप्रकारका समस्याहरूको स्रोत विप्लवमा देखिएको निम्नपुँजीवादी रोमान्टिसिज्म (स्वच्छन्दतावाद) हो ।' क्रान्तिकारीहरूले धैर्यपूर्वक नै त्यसको वैचारिक, राजनीतिक, दार्शनिक र सङ्गठनात्मक सामना गर्दै जानुपर्छ र क्रान्तिलाई विजयसम्म पुऱ्याउन सकिन्छ । दस्ताबेजमा भनिएको छ, 'यसप्रकारका विचलनका विरुद्ध निर्मम सङ्घर्ष गरेर नै क्रान्तिकारी धारको रक्षा, प्रयोग र विकास गर्न सकिन्छ ।' यसप्रकाका व्यक्तिहरू समयसमयमा सतहमा देखापर्छन्, कुनै न कुनै प्रकारको भूमिका निर्वाह गर्छन् र फेरि पनि सतहमै बिलाउने गर्छन् । विप्लवको पेट्टीबुर्जुवा रोमान्टिसिज्म पनि त्यही हो जो सतहमा देखापऱ्यो, बर्सात्को तलाउमा पानीको फोकाजस्तै रङ्गीबिरङ्गी आकृति देखायो, क्षणिक समयमा फुट्यो र त्यही सतहको पानीमा बिलायो ।

विप्लवले उनको प्रकाशनमा प्रकाशित निबन्धमा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को पुनर्गठन भएपछि उनको राजनीतिक आवरणमा चलेको कुत्सित धन्दामा पैदा भएका अवरोध, असफलता, अकर्मण्यता र दिशाहीन अवस्थाको उजागर मात्र गरेका छैनन्, नेकपा (बहुमत) विरुद्ध समूल नष्ट गर्न अनेक प्रकारका शब्दजालको प्रयोग गरेका छन् र उनीभित्र गुम्सिएको तुच्छ प्रकारको कुण्ठा, असैह्य आक्रोश, सैद्धान्तिक हीनता र सङ्गठनात्मक लघुताभाषको प्रलाप गरेका छन् । उक्त लेखमा उनले यसप्रकारको कुण्ठाबाट मुक्ति प्राप्त गर्न अरण्यरोदन प्रकट गरेका छन् । के भनिरहनु आवश्यक छैन भने विप्लवको यो लेखमा अभिव्यक्त अराजनीतिक, असैद्धान्तिक, मनोगत तथा प्रायोजित विचारहरू र उनले हाम्रा कमरेडहरूमाथि काठमाडौँको बागबजारमा पत्रकार नकुल चौलागाईंमाथि गरेको अभद्र व्यवहारदेखि कपिलवस्तुमा कमरेट टुकलाल पुनमाथि गरेको आपराधिक गुण्डागर्दीबाट व्यावहारिक रूपमा उनी विगतको 'विप्लव' नभएर अब अराजनीतिक ब्यान्डिटमा परिणत हुन पुगेका छन् । त्यति मात्र होइन, उनले आफ्ना वैचारिक, सैद्धान्तिक, राजनीतिक त्रुटिहरू सच्याउनुको बदला क्रान्तिकारीमाथि भौतिक हमला गर्ने, जिल्ला–जिल्लामा छानेर (बहुमत) का नेताहरूमाथि कुटपिट गर्ने, पार्टीका नेताहरूलाई गौँडा ढुकेर प्रचण्डलाई कैलालीमा बम हानेजस्तै आक्रमण गर्ने, उनको जुझारु अर्थवादी स्वार्थमा धक्का दिनेहरूलाई जाजरकोटका गगन खड्का 'जीवन' लाई पार्टी छोडेको झोकमा काठमाडौँमा फलामे रडले टाउकोमा मरणासन्न हुनेगरी हानेजस्तै आक्रमण गर्ने, विप्लवको पार्टी छाड्नेहरूलाई वीरजङ्गको सुराकी गरेको अभियोगमा उनकै कार्यकर्ताको विवशताको वास्ता नगरी पलायन गराउनेजस्ता कारबाही गर्ने निर्णय उनको कथित महाधिवेशन र त्यसपछिका बैठकहरूमा गरिनु र त्यो अराजनीतिक, आपराधिक अभियानअन्तर्गत कमरेड टुकलालमाथि आक्रमण गर्नुले उनी र उनको विप्लव–प्रकाण्ड गुट अत्यन्त निच, आपराधिक र हिंश्रक शैलीको कोन्ट्राका रूपमा पतन भएको पुष्टि गरेको छ । उनका यी गतिविधिले विप्लव–प्रकाण्ड गुटलाई जानी–नजानी, प्रायोजित वा स्वतस्फूर्त रूपमा सबैखाले साम्राज्यवाद र सबैखाले प्रतिक्रियावादको गोटीका रूपमा प्रयोग गर्न पुगेको छ ।

बहसको सुरुआत

गत वैशाखमा भएको पार्टीको केन्द्रीय समितिको बैठकमा विप्लव–प्रकाण्ड गुटले नेपालमा अधुरो रहेको क्रान्ति सम्पन्न गर्न पुनर्गठित गरिएको नेपाल कम्युनिस्ट पार्टीलाई संसद्वादी राजनीतिमा लैजाने षड्यन्त्र प्रस्तुत गरे । त्यसमा उनीहरूका तर्क थिए, नेपालमा **अब** (यो बहस हुँदासम्म 'अब' को अभिप्राय तत्काल भन्ने थियो) क्रान्ति नहुने भएपछि ४–५ बर्ष संसदीय राजनीतिमा घुम्नुपर्छ, संयुक्त मोर्चा फराकिलो बनाउनुपर्छ, पार्टी भनेजस्तो नभएकाले केही समय संसदीय राजनीतिमा जानुपर्छ र यी सबै उद्देश्य पूरा गर्न चुनावमा भाग लिनुपर्छ । उनले भनेका थिए, चुनाव भनेको कार्यनीतिक प्रश्न हो र आवश्यक पर्दा भाग लिन सकिन्छ, आवश्यक पर्दा बहिष्कार गर्न सकिन्छ । चुनावमा गइयो भने **तीन लाख भोट** आउँछ र हामी तेस्रो पार्टी हुन्छौँ । एमसीसीको विरोधमा हाम्रो पार्टीको भूमिका नेतृत्वदायी भएका कारण हामीले तीन लाख मात्र होइन, चार लाख र अझ पाँच लाखसम्म भोट ल्याउँछौँ भन्ने प्रकाण्डको तर्क थियो ।

त्यसमा हामीले भनेका थियौँ– एक्काईसौँ शताब्दीको नवउदारवादी राजनीतिले निर्देशित गरेको संसदीय चुनावमा भाग लिनुको तात्पर्य नैतिक रूपमा संसद्वाद स्वीकार गर्नु हो । संसद्वादी संविधान, कानुन, नियम–विनियमहरू स्वीकार गरेर, संसदीय व्यवस्थाको संस्थागत विकास गर्नका लागि प्रतिबद्धता जाहेर गरेर, कानुनका अगाडि विधिवत् रूपमा संसदीय प्रवाहमा समाहित भैसकेपछि संसदीय चुनावमा भाग लिनु स्वतः संसदीय राजनीतिमा प्रवेश गरेको हुन्छ, नीतिगत रूपमा संसदीय व्यवस्था स्वीकार गरेको हुन्छ र संसदीय व्यवस्था संस्थागत गर्ने भित्री रूपमा प्रतिबद्धता गरिसकेपछि बाहिर जनतालाई संसद्वादको विरोध गरेको देखाउनु अवसरवाद मात्र हुन्छ, अनैतिक, अराजनीतिक र जनताविरुद्ध षड्यन्त्र मात्र हुन्छ । हामीले स्पष्ट गरेका थियौँ– यसप्रकारको अवसरवाद, अनैतिक, अराजनीतिक, षड्न्त्रकारी, रहस्यात्मक विधिले संसारको कुनै पनि देशमा समाजवादी क्रान्ति हुन सक्दैन र नेपाल त्यसबाट अछुतो रहन सक्दैन । हामीले अगाडि तर्क गरेका थियौँ, भलै संसदीय चुनावमा भाग लिने नीतिले सङ्गठन एमाले र माकेजत्तिकै ठूलो हुन सक्छ, तीन, चार वा पाँच लाखको ठाउँमा तीस, चालीस वा पचास लाख नै भोट पनि पाउन सकिएला । संयुक्त मोर्चाको दायरा ऋषि कट्टेल र आहुतिभन्दा पर झलनाथ, नारायणकाजी र भीम रावलसम्म पुग्न सक्छ परन्तु नैतिक रूपले संसदीय व्यवस्थाप्रति आत्मसमर्पण गरेका कारण व्यवस्थाविरुद्ध झन्डा उठाउने नैतिक अधिकार कमजोर हुन्छ र यस्तो कमजोर राजनीतिक नैतिकता भएको पार्टीको नेतृत्वमा समाजवादी क्रान्ति असम्भव हुन्छ ।

त्यसपछि विप्लवको तर्क थियो– लेनिनले दुमामा भाग लिएका थिए । पछि २०४८ सालमा हामीले पनि भाग लिएका थियौँ । रोजा लग्जम्बर्गलगायत विश्वका तमाम कम्युनिस्ट पार्टीहरूले चुनावमा भाग लिएका थिए । उनीहरू कसरी संसद्वादी भए ? उनले तर्क थपेका थिए– पार्टीका लागि आवश्यक पर्दा भाग लिने हो, आवश्यक पर्दा बहिष्कार गर्ने हो । विगतमा चुनाव बहिष्कार गऱ्यौँ, यो चुनाव उपयोग गरौँ । यो कार्यनीति हो । यो हाम्रो आवश्यकतामा हुने हो ।

उनको त्यो तर्कको जबाफमा हामीले भनेका थियौँ, क्रान्तिकारी कम्युनिस्ट पार्टीका लागि पुँजीवादी व्यवस्थाभित्र हुने चुनाव कार्यनीतिक विषय हो तर कुन समयमा कुन उद्देश्य पूरा गर्ने भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । उपयोग गर्दा क्रान्तिलाई फाइदा हुने हो भने उपयोग गर्ने हो र बहिष्कार गर्दा फाइदा हुन्छ भने बहिष्कार गर्ने हो । उपयोग र बहिष्कारको कार्यनीतिले जनताको क्रान्तिकारी भावनालाई मलजल गर्नु र्छ । उपयोग वा बहिष्कारले क्रान्तिकारी भावनाको प्रतिनिधित्व गर्न सकेन, तर्कपूर्ण रहन सकेन, नीतिगत रूपमा पुस्ट्याइँ गर्न सकेन भने त्यसको भूमिका प्रतिक्रान्तकारी हुन पुग्छ । त्यसले जनताको विश्वासमा कुठाराघात गर्छ, पार्टीलाई कमजोर बनाउँछ । क्रान्तिकारी कार्यनीतिबारे स्टालिनले स्पष्ट गर्नुभएको थियो, 'सामाजिक जनवादी कार्यनिति पछ्याउन दुई अवस्था थाहा पाउनु आवश्यक हुन्छ : पहिलो, त्यो कार्यनीति सामाजिक जीवनको विपरीत जानु हुँदैन र दोस्रो, त्यसले जनमानसको क्रान्तिकारी भावनालाई माथिभन्दा माथि उठाउनुपर्छ ।' (To pursue genuinely Social-Democratic tactics two conditions are necessary: first, that those tactics should not run counter to the course of social life; and second, that they should raise the revolutionary spirit of the masses higher and higher.) *(Stalin Vol 1, page 211)*

क्रान्तिकारी कार्यनीतिबारे विप्लवलाई यही तर्क गरिएको थियो र संसारभर भएका हजारौँ चुनाव उपयोगका अनुभवहरूको उदाहरण पेस गर्दै गलत बाटोमा नजानका लागि सङ्घर्ष गरिएको थियो । यसको विपरीत विप्लवको संसदीय चुनावमा भाग लिँदै संसद्मा प्रवेश गर्ने कार्यनीतिले जनताको क्रान्तिकारी सामाजिक जीवनको विपरीत जान्थ्यो, दोस्रो संसद्वादविरुद्ध खडा भएका जनतालाई संसद्वादभन्दा अर्को विकल्प छैन भन्ने निराशामा पतन गराउँथ्यो । उदार पुँजीवादी राजनीतिको दबदबा रहेको अहिलेको जमानामा बुर्जुवा जनवादी चुनावमा भाग लिनुले जनताबाट नाङ्गिएको संसद्वादी सत्ताको कुनै विकल्प छैन भन्ने गलत सन्देश दिनु हुन्छ, जनतामा निराशा बाँड्नु हुन्छ र यो उपयोग चुनावको उपयोग नभएर संसद्वादप्रति आत्मसमर्पण हुन्छ । यो सुझावसहित बैठकमा सङ्घर्ष भएको थियो ।

त्यसपछि विप्लव र प्रकाण्ड दुवैजनाले पालोपालो गरी भनेका थिए– बहिष्कार गर्ने हो भने पनि बहिष्कार गरौँ ! तर त्यो बहिष्कार पहिलेको भन्दा उच्च स्तरको हुनुपर्छ । हामीले प्रश्न गऱ्यौँ– पहिलेको भन्दा उच्च भनेको के हो ? तपाईंहरूले भनेको बहिष्कार के हो ? किनभने बहिष्कार गर्नेबित्तिकै क्रान्तिकारी हुने र उपयोग गर्नेबित्तिकै पुँजीवादी हुने भन्ने पनि हुँदैन । बुर्जवा सत्ताभित्र बुर्जुवाको अर्को हिस्साले बहिष्कार गरेका तमाम उदाहरण पाइन्छन् । तपाईंहरूको बुझाइमा पुँजीवादी चुनावको कार्यनीतिक उपयोग वा कार्यनीतिक बहिष्कार के हो ? त्यसको जबाफमा विप्लव र प्रकाण्डका तीन बुँदामा जबाफ थिए । विप्लवले भनेका थिए, पहिलो, पार्टीलाई आवश्यक पर्दा उपयोग गर्ने र आवश्यक पर्दा भाग लिनु कार्यनीति हो । दोस्रो, लेनिनले कार्यनीति भनेका थिए । २०४८ सालको चुनाव उपयोगलाई कार्यनीति भनिएको थियो । रोजाहरूले चुनाव उपयोग गरेका थिए र माओले पनि भनेका थिए– हामीसँग संसद् भएको हुन्थ्यो भने हामी संसदीय चुनावमा भाग लिन्थ्यौँ र तेस्रो, प्रकाण्डले भनेका थिए– पहिलेको भन्दा उच्च स्तरको बहिष्कार भनेको विगतमा बम मात्र हानियो । यो चुनावमा न्यूनतम ५ जनासम्म उम्मेदवारलाई विस्फोटमा पार्नुपर्छ । विप्लव–प्रकाण्डको यो चुनाव उपयोग र बहिष्कारसम्बन्धी कार्यनीतिका तीन बुँदाको बुझाइमा हाम्रो तर्क थियो र अहिले पनि छ– यो पूरापूर विसर्जनवाद हो । मैले नै तर्क गरेको थिएँ– यहाँ लेनिनको भनाइ स्पष्ट रूपमा लागू हुन्छ । लेनिनले भन्नुभएको थियो– उग्र दक्षिणपन्थी अवसरवाद उग्र वामपन्थी अवसरवादमा पतन हुन्छ । कि त चुनावमा भाग लिने, चुनावमा भाग नलिए ५ जनासम्म उम्मेदवारलाई विस्फोटमा पार्ने तर्क विसर्जनवादको चरम नमुना हो । यो विसर्जनवादी एक सिक्काको दुई पाटो हो । विप्लवले गरेको पहिलो तर्क पार्टीलाई अथवा पार्टीको नेतालाई जे आवश्यक पर्छ त्यही गर्नु कार्यनीति भन्नु क्रान्तिकारी कार्यनीति नभएर निम्नपुँजीवादी अवसरवाद हो । उनले गरेको दोस्रो तर्क लेनिनले भनेकै कारण कार्यनीति हो भन्नु जडसूत्रवाद हो । विप्लव–प्रकाण्डहरूको तर्क बिल्कुल वितण्डतावादी थियो । उनको तर्कमा विसर्जनवाद थियो । विप्लवले आफ्नो लेखमा एक ठाउँमा भनेका छन् जुन कुरा उनको यो चुनाव उपयोग र बहिष्कारको तर्क र नीतिसँग जोडदार तरिकाले मिल्दछ । उनले लेखेका छन्, 'वर्गसमाज र सत्ता सङ्घर्षको नियम नै हो कि क्रान्तिभित्र विभिन्नखाले अवसरवादहरू पैदा भइरहन्छन् । त्यसलाई उत्तेजित र प्रकट हुने वातावरण क्रान्तिमा बन्दै जाने नयाँ परिस्थिति र विषयहरूले बनाइदिन्छन् । परिस्थितिअनुसार अवसरवादीहरूले छेपाराले रङ फेरेजस्तो शैलीहरू फेरिरहन्छन् । कहिले उनीहरू उग्र वामपन्थीका रूपमा प्रकट हुन्छन्, कहिले मध्यमार्गी ढुलमुले रूपमा देखापर्छन् । कहिले दक्षिणपन्थी आत्मसमर्पणवादी बन्छन्, कहिले चाकडीबाज बन्छन्, कहिले षड्यन्त्रकारीका रूपमा आइलाग्छन् ।' चुनावको उपयोग, संसदीय व्यवस्थामा प्रवेश गर्ने बहाना विप्लव–प्रकाण्ड गुटका लागि छेपाराले रङ बदलेजस्तै अवसरवादी कुरा हो । वर्गसङ्घर्ष र वैचारिक सङ्घर्षको समयमा सङ्घर्षको तीव्रतासँगै

> *माओ महान् मार्क्सवादी–लेनिनवादीहुनुहुन्थ्योजसको योगदानले मार्क्सवाद–लेनिनवादलाई मार्क्सवाद–लेनिनवाद–माओवादमा विकास गरेको छ । यो सबैका अगाडि प्रस्ट छ । उहाँका बारेमा यहाँ धेरै उल्लेख गर्न आवश्यक छैन । तर आफैँलाई माओको स्तरमा निर्लज्ज रूपमा दाँज्ने विप्लव को हुन ? विप्लव पहिलो कुरा प्रचण्डले त्यति बेला ठाउँ नदिएको कारण प्रतिशोधमा उभिएका रहेछन् भन्ने कुरा यो एक दशकको आन्दोलन र अनुभवले प्रमाणित गऱ्यो ।*

घटनाक्रम पनि तीव्रतामा विकास हुन्छन् । त्यही तीव्रतामा विप्लव–प्रकाण्डको अवसरवाद, विसर्जनवाद र क्रान्तिकारी आन्दोलनबाट भाग्ने पलायनवाद कति तीव्र रूपमा देखापऱ्यो भने उत्तिखेरै अवसरवादी, उत्तिखेरै सुधारवादी, उत्ति नै खेर मध्यमार्गी ढुलमुल, उत्ति नै खेर आत्मसमर्पणवादी देखापरे । क्रान्तिको नेतृत्व गर्ने विश्वास दिलाएका विप्लवको यो दयनीय अवस्था थियो । उनले जुन कुरा माथि भनेका छन् त्यो उनको जीवनमा व्यावहारिक प्रयोग भइरहेको, उनको मस्तिष्कमा उद्वेलित भैरहेको, सम्पूर्ण मनोदशाको प्रतिबिम्ब थियो । यहाँ विप्लव हो । चुनावको उपयोगको सवालमा विप्लव–प्रकाण्डको चरित्र उनले भनेजस्तै गरी मिलेको छ । कहिले दक्षिणपन्थी अवसरवाद, कहिले उग्रवाद, कहिले विसर्जनवाद, कहिले मध्यपन्थी अवसरवाद र कहिले आत्मसमर्पणवाद !

यसपछि हामी केन्द्रीय समितिको बैठकमा उपस्थित भयौँ । सचिवालयमा भएका यी सबै तर्कहरू केन्द्रीय समितिको बैठकमा पनि गरिए । ६८ जनाको केन्द्रीय समिति र ४ जना केन्द्रीय सल्लाहकारसहित ७२ जनाको बहसमा विप्लव–प्रकाण्डहरूले अगाडि सारेको नीति दक्षिणपन्थी हो भन्नेमा ४५ मत अभिव्यक्त भयो । उनीहरूले सारेको चुनावपरस्त नीति सही हो भन्नेमा ९ मत केन्द्रीय समितिमा र सचिवालयका विप्लव, प्रकाण्ड र सन्तोषसहित १२ मत रह्यो । विप्लवले प्राप्त गरेको ९ मतमध्ये कस्ता विचार थिए भन्ने प्रश्न रोचक छ । ९ मतमध्येका अनिल विरहीले साथीहरूका बीचमा संसद्वादपरस्त नीति लिनुपरेको कारणबारे स्पष्टिकरण दिँदै भनेका थिए– विप्लवले जति क्रान्तिको कुरा गरे पनि उसको नीति र नेतृत्वमा क्रान्ति हुने होइन । कार्यनीतिक उपयोगका नाममा भए पनि चुनावपरस्त नीति ल्याएकै समयमा समर्थन गऱ्यो भने यो पार्टी संसद्वादमा समाहित हुन्छ । क्रान्तिको झूटो प्रचार समाप्त हुन्छ । विप्लवलाई समर्थन गर्ने ९ मतमध्येका सबै साथीहरूको भित्री मनसाय एउटै हो– विप्लवको नेतृत्वमा क्रान्ति असम्भव छ । वास्तवमा यी साथीहरूले विप्लवको मुटु छामिसकेका थिए र विप्लवको नेतृत्वमा मात्र क्रान्ति हुन्छ भन्ने अधिभूत पालेका कारण जीवनको लामो खण्ड क्रान्तिका लागि व्यतित गरेर पनि संसद्वादपरस्त नीति स्वीकार गर्न विवश बनेका थिए । अनिलको टिप्पणी अप्रिय लागे पनि आधारले विप्लवलाई जानकारी गराइसकेका थिए । तर विप्लवलाई अनिलको टिप्पणीले कुनै असर गरेन किनभने उनको वास्तविक कार्यदिशा संसद्वाद नै थियो तर अनिलजस्ता समर्थकहरूको प्रयत्नका बाबजुद विप्लवले बैठकमा समर्थन गुमाए । त्यसले विप्लवलाई विचलित मात्र गरेन, विक्षिप्तसमेत बनायो । बीचबीचमा बसेको बैठकमा हामीले स्पष्ट गरेका थियौँ– तपाईंहरू चुनाव प्रवेशमार्फत संसदीय राजनीतिमै जान खोजेको हो भने हामीले रोक्नुछैन, जानुहोस् तर हाम्रो बाहुला नसमात्नुहोस् । चुनावमार्फत समाजवादी क्रान्ति गर्न सङ्गठन, संयुक्त मोर्चा र जनाधार बन्छ भन्ने लगेको हो भने त्यो भ्रम मात्र हो भनेर हामीले बारम्बार भन्यौँ । कैयौँपटक स्पष्ट गर्ने प्रयत्न गर्दै विप्लवलाई भन्यौँ– संसदीय राजनीतिका लागि सङ्गठित र प्रशिक्षित भएको जनताले क्रान्तिको बाटोमा मद्दत गर्न सक्दैन । क्रान्तिमा लामबद्ध हुन क्रान्तिकारी सिद्धान्त, क्रान्तिकारी कार्यदिशा, क्रान्तिकारी कार्यनीति, क्रान्तिकारी संस्कृति र सोचबाट प्रशिक्षित हुनुपर्छ । जनतामा त्यसको प्रशिक्षण हुन क्रान्तिकारी पार्टीका नेताहरू नै स्पष्ट हुनु पहिलो सर्त हो । हामीले भन्यौँ– विप्लवमा देखिएको ढुलमुल र अस्थिरताले, अस्पष्टता र अन्योलले जनता झनै दिग्भ्रमित हुन पुग्छ । छेपारोले रङ बदलेजस्तै विप्लव कहिलेकहीँ बुझेको अभिनय पनि गर्थे र कहिले संसद्वादमै अडान लिन पुग्थे तर विप्लवको अवसरवाद यहाँ पनि छुपेरुस्तमका रूपमा रहिरह्यो । बैठकको अन्तिम अवस्थामा उनले संसदीय बाटो समात्ने कुरा खुला रूपमा स्वीकार गरेनन् । केन्द्रीय समितिलाई लागेको थियो– विप्लवमा ठूलो रूपान्तरण आएको छ । अब पार्टीले राम्रो गति लिनेछ र विगतका भ्रमहरूको अन्त्य गर्दै क्रान्तिकारी कार्यदिशामा अगाडि बढ्नेछ । अन्ततः १२ औँ केन्द्रीय समितिको बैठकले पार्टी चुनावमा नजाने, पार्टी दर्ता नगर्ने र त्यति बेलाको विशिष्ट अवस्थामा साम्राज्यवाद, प्रतिक्रियावादविरोधी र प्रगतिशील चरित्र देखाउने उम्मेदवारहरूलाई समर्थन गर्न सकिने नीति एकमतले पारित गरियो तर विप्लव–प्रकाण्ड गुटले क्रान्तिकारी नीतिको विसर्जनको लक्ष्य पनि छाडेको थिएन भन्ने तथ्य चितवनको प्रशिक्षणमा उदाङ्गो भयो । केन्द्रीय समितिको निर्णयका विरुद्ध प्रमुख भएको नेता नै हमलामा उत्रिएपछि केन्द्रीय समितिको अपेक्षामा पुनः कुठाराघात हुन पुग्यो ।

काठमाडौँ आइसकेपछि सचिवालयका दुई बैठक भए । पहिलो बैठकमा विप्लव र प्रकाण्डलाई कारबाही गर्नुपर्ने आवश्यकतामा छलफल भयो । प्रकाण्डलाई भनिएको थियो– उनलाई सचिवालयबाट हटाइनुपर्छ र प्रवक्ताको जिम्मेवारी निलम्बन गरिनुपर्छ । विप्लवलाई मैले नै भनेको थिएँ– उनलाई एक वर्ष, एक महिना, एक साता, एक दिन, एक घन्टा वा एक मिनेट कति समय कारबाही गर्नुपर्छ ? त्यसको प्रस्ताव महासचिव भएकाले उनैले गरून् । कारबाही किन ? किनभने जनताले एउटा क्रान्तिकारी पार्टीको नेतालाई कसरी बुझ्ने ? पार्टीको अनुशासित नेता भनेर बुझ्ने वा केन्द्रीय समितिको निर्णय नमान्ने अराजक, अनैतिक, अनुशासनहीन नेता भनेर बुझ्ने ? निश्चय पनि क्रान्तिका लागि जनताले अनुशासित नेताको माग गर्छ । १२ औँ केन्द्रीय समितिका निर्णयहरूको उल्लङ्घन गरेका कारण त्यो दोषबाट मुक्त हुन विप्लवले कारबाही भोग्नुपर्छ भन्ने हाम्रो तर्क थियो । प्रकाण्डले गल्ती गरेको भए कारबाही भोग्न तयार छु भनेर थोरै राजनीतिक चरित्र देखाएका थिए तर उनी यसमा कहाँनिर सुरक्षित थिए भने उनले चुनाव सार्ने, पार्टी दर्ता गर्ने, चुनाव चिह्न लिने जुन हर्कतहरू गरेका थिए त्यो विप्लवको आदेश र निर्देशनमा नै गरेका थिए र विप्लव नै आदेश दिने भएकाले त्यसको दोषी विप्लव नै हुन्छन् भन्ने थियो । प्रकाण्डको अवसरवाद थियो यो । उसो त विप्लव र प्रकाण्ड तर चोर र तरबार चोरको कथाजस्तै एउटै विकृतिका दुई पाटा हुन् तर पनि औपचारिक रूपमा नै सही, प्रकाण्डले सामान्य राजनीतिक नैतिकता देखाउँदा विप्लवले छलफल गर्ने सामान्य नैतिकतासम्म देखाउन सकेनन् । दोस्रो बैठकमा यी गल्तीहरू नदोहोऱ्याउने वचनबद्धता गरे र त्यसअनुसारको वक्तव्य दिने निर्णय पनि भयो तर बैठकबाट निस्कनेबित्तिकै फेरि संसद्वादपरस्त राजनीतिक काम सुरु गरिहाले । यतिबेला पार्टीभित्रको अराजकता यति माथि पुग्यो– केन्द्रीय सदस्यहरूले गरेका कमजोरीहरूको लेखाजोखा हराउन थाल्यो । 'धोती फुस्किएपछि लाजको के परबाह' भन्ने नेपाली उखानजस्तै पार्टीको प्रमुख नेता भनिएका विप्लव र प्रवक्ता भनिएका प्रकाण्डको क्रान्तिकारी विचार, दर्शन, राजनीतिको धोती फुस्किएपछि पार्टीका केन्द्रीय सदस्यहरूको अराजकताले सीमा नाघ्नु अन्यथा हुँदैनथ्यो, त्यही भयो । कोही एमालेको चुनावचिह्न लिएर खडा भए, कोही काङ्ग्रेसको । विप्लवको वर्गविश्लेषणमा प्रचण्ड प्रतिगामी र केपी ओली क्रान्तिकारी भएपछि माके पार्टीलाई हराउन एमालेसँग मिलोमतो गर्ने नीतिसमेत बन्यो । विप्लव–प्रकाण्ड गुटमा क्यान्सरझैँ फैलिएको राजनीतिक अराजकताले अन्ततः त्यो पार्टीमा रहेको क्रान्तिकारी भावना, लक्ष्य र उत्सर्गको विसर्जन गऱ्यो ।

विप्लवका दलिलहरू

क्रान्तिकारी लक्ष्य, भावना र उत्सर्गको विसर्जन भैसकेपछि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी विसर्जित हुनु अनिवार्य थियो र विसर्जित पार्टी विप्लव–प्रकाण्ड गुटमा परिणत हुनु अनिवार्य थियो, भयो पनि । क्रान्तिकारी प्रतिष्ठा, जनताको विश्वास समाप्त भएपछि त्यो गुटमा आक्रोशको राग उम्लिएको छ, नक्कली अहंकारले राज गरेको छ र विक्षिप्त मनोदशा शरीरमा एसिडझैँ फैलिएको छ । उनले नेपाल कम्युनिस्ट पार्टी (बहुमत) विरुद्ध जे वाणीहरू बौछार गरेका छन् त्यसले उनको मानसिक हीनता, निकृष्ट संस्कृति, कुण्ठा र वितृष्णाको भारी बोकेको छ । यसको अन्तिम परिणाम भनेको आपराधिक हर्कतमा उत्रनु हो । उनका हर्कतहरू अहिले त्यही दिशामा बढेका छन् ।

विप्लवले आफ्ना निम्नपुँजीवादी रोमाञ्चवादी सम्पूर्ण औकात बिर्सिएर 'गद्दार लिनपियाओवादी चरित्र बोकेका वाम आवरणका अवसरवादी–अराजकतावादी...हरूले हमला गरे' भनेका छन् । गद्दार लिनपियाओवादको प्रसङ्ग चिनियाँ कम्युनिस्ट पार्टीको इतिहासमा देखापर्छ । लिनपियाओ तत्कालीन चिनियाँ कम्युनिस्ट पार्टीका उपाध्यक्ष थिए जतिबेला माओ त्सेतुङ अध्यक्ष हुनुहुथ्यो । उनी ती व्यक्ति थिए जसले माओको हत्या गर्ने योजना बनाएका थिए । माओका विरुद्ध गरिएको त्यो घटनाको पछि प्रतीकात्मक रूपमा नेतृत्वका विरुद्ध हमला गर्ने प्रवृत्तिलाई लिनपियाओवादी भन्ने गरिन्छ । यसका दुई अर्थ हुने गर्छन् : पहिलो अर्थ जुन हमला भएको छ त्यो अन्यायपूर्ण हो र दोस्रो अर्थ जसमाथि हमला हुन्छ त्यो माओकै हैसियत राख्ने व्यक्ति हो । विप्लवले अपनाएको सम्पूर्ण राजनीतिक चरित्र, उनका कतिपय विद्रोह र पेट्टी बुर्जुवा रोमान्टिस्ट कारबाहीहरूको कसीबाट विप्लवलाई जाँचेर हेर्ने हो भने विप्लव स्वयम् लिनपियाओवादी हुन् भन्ने प्रमाणित हुन्छ ।

यसमा पहिलो कुरा, हामीले प्रचण्डसँग विद्रोह गर्दा नेपाली क्रान्तिको वैचारिक, दार्शनिक, राजनीतिक र साङ्गठनिक समस्या समाधान गर्ने उद्देश्यले पार्टी पुनर्गठन गरेका थियौँ । नेपाली क्रान्तिको समस्या समाधान गर्ने नेपाली कम्युनिस्ट नेतृत्वले वैचारिक, राजनीतिक, दार्शनिक क्षेत्रमा चुक्ने गरेका गड्डाहरू, आउने गरेका विचलनका बिन्दु पहिल्याउने र त्यसबाट बच्ने विधिहरूको विकास गर्ने उद्देश्य थियो । परन्तु पार्टी अलग भैसकेपछि विप्लवसँगको लामो सहकार्यबाट स्पष्ट हुँदै आयो– उनको पार्टी पुनर्गठन गर्नुको उद्देश्य प्रतिशोध पूरा गर्नु थियो । हुन पनि त्यति बेला प्रचण्ड र त्यहाँ भएका साथीहरूले विभिन्न आर्थिक, राजनीतिक प्रलोभनका कारण पार्टी फुटाएको आरोप लगाउने गरेका थिए । त्यस आरोपको एउटा पुष्टि वादलहरूको संसद्वादप्रति भएको पुनर्एकताले गरिसकेको छ । दोस्रो पुष्टि हेर्न हामीले विप्लवका बानी–बेहोरा, विचार र दृष्टिकोणहरू नै हेर्नुपर्छ । विप्लवले धेरैजसो समयमा जसरी प्रचण्डले पैसा जम्मा गरेको, जनमुक्ति सेनाको पैसा लुकाएको, जीवन आलिसान बनाएको बारे छलफको एजेन्डा बनाउने गर्थे, त्यसको तुलनामा माओवादी नेतृत्वमा जनवादी गणतन्त्र स्थापना गर्ने अवस्थामा पुगेको जनयुद्ध किन असफल भयो, त्यसमा कुन–कुन शक्ति र कुन–कुन बाध्यताले काम गऱ्यो र यसप्रकारको बाध्यता हाम्रो अगाडि खडा हुनसक्छ कि सक्दैन भन्ने विषय कमै एजेन्डा हुने गर्थे र माओवादी आन्दोलनमा देखापरेका राजनीतिक, वैचारिक र दार्शनिक समस्याका विषयमा खासै ध्यान पुग्दैनथ्यो । संसद्वाद र मार्क्सवादबीच भेद छुट्याउन नसक्नेले पार्टी फुटाउनु; पार्टी बनिसकेपछि हमेसा जुझारु अर्थवादमा ध्यान दिनु (जसअन्तर्गत आन्दोलनलाई सुधारवादी कार्यनीतिमा घुमाउनु र पार्टी र आन्दोलनको दुरुपयोग गर्दै पार्टीको प्रतिष्ठालाई चन्दाको मोलमोलाइमा गिराउनु हुन्छ); राजनीतिक हिसाबले चुनावमा भाग लिँदै संसद्वादमा आत्मसमर्पण गर्नु र त्यसमा अहिले संसद्वादमा पतन भए पनि कुनै समयमा जनवादी गणतन्त्रका लागि लडेको प्रचण्डलाई हराउन सम्पूर्ण रूपले माओवादी आन्दोलन, क्रान्ति र जनताविरुद्ध लागेका एमाले र काङ्ग्रेससँग चुनावी गठजोड गर्नुले उनको राजनीतिक भिन्नता एमाले, काङ्ग्रेस र माकेभन्दा फरक रहेन भन्ने कुरा प्रस्ट भएको छ । विप्लवको पनि सुधारवादी राजनीति हुने, भिन्न तरिकाले सम्पत्ति कमाउनकै लागि उस्तै सुधारवादी राजनीति अँगालेका प्रचण्डका विरुद्ध पार्टी फुटाएको हो भने र सम्पत्तिमै हालीमुहाली गरेको प्रतिशोधमा कैलालीमा बम हान्न लगाएको हो भने वास्तविक लिनपियाओवादी विप्लव भएको होइन ? के विप्लवले यो ऐतिहासिक तथ्यको हेक्का राखेका छन् ? आगामी दिनहरूमा शब्द चयन र वाक्य गठनमा विप्लवले ध्यान दिऊन् ।

अब आउँछ अरूलाई लिनपियाओवादी भनेर आफू माओ स्तरमा भएको दाबी गर्ने प्रसङ्ग । माओ महान् मार्क्सवादी–लेनिनवादी हुनुहुन्थ्यो जसको योगदानले मार्क्सवाद–लेनिनवादलाई मार्क्सवाद–लेनिनवाद–माओवादमा विकास गरेको छ । यो सबैका अगाडि प्रस्ट छ । उहाँका बारेमा यहाँ धेरै उल्लेख गर्न आवश्यक छैन । तर आफैँलाई माओको स्तरमा निर्लज्ज रूपमा दाँज्ने विप्लव को हुन ? विप्लव पहिलो कुरा प्रचण्डले त्यति बेला ठाउँ नदिएको कारण प्रतिशोधमा उभिएका रहेछन् भन्ने कुरा यो एक दशकको आन्दोलन र अनुभवले प्रमाणित गऱ्यो । विप्लव राजनीतिक हिसाबले संसदीय संशोधनवादी, दार्शनिक हिसाबले सारसङ्ग्रहवादी, वैचारिक हिसाबले दक्षिणपन्थी अवसरवादी, सङ्गठनात्मक हिसाबले निरङ्कुशतावादी अधिभूतवादी, आन्दोलनका हिसाबले जुझारु अर्थवादी, मनोवैज्ञानिक स्वभावका हिसाबले निम्नपुँजीवादी रोमाञ्चवादी हुन् भन्ने तथ्य पनि यो एक दशकको आन्दोलन र अनुभवले सिद्ध गरेको छ । यसप्रकारको व्यक्तिले आफैँलाई माओसँग दाँजेर प्रस्तुत गर्नु विप्लवको बच्कना बालरोग हो । त्योभन्दा अझ अगाडि बढेर विप्लवले लेखेका छन्, 'त्यति मात्र होइन, उनीहरूको यो षड्यन्त्रकारी हमलाभित्र बाकुनिन, कामेनेव, जिनोवेब, खुस्चोभका प्रसस्त अन्तरघाती जीवाणुहरू चल्मलाइरहेका देखिन्छन् ।'

... क्रमश : अर्को अङ्कमा

संसदीय व्यवस्था र चुनावविरुद्ध ...

मतदानकेन्द्रहरू अगाडि संसदीय व्यवस्थाको खारेजी, निर्वाचनको अवज्ञा र वैज्ञानिक समाजवादका लागि अघि बढ्न आह्वान गर्दै प्रभावकारी प्रदर्शन गरिएको हो ।

प्रवेशद्वारमै प्रदर्शन

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) डोटीको आयोजनामा शिखर नगरपालिका-५ स्थित राधाकृष्ण मावि तिजाली मतदान केन्द्र प्रवेशद्वारमा चुनाव अवज्ञा आह्वान गर्दै प्रदर्शन गरिएको छ ।

'व्यक्ति होइन, व्यवस्था बदलौँ, सुधार होइन, आमूल परिवर्तन गरौँ, वैज्ञानिक समाजवादी क्रान्ति- जिन्दावाद, मङ्सिर ४ को प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन अवज्ञा गरौँ' नारासहितको ब्यानर मुख्य प्रवेशद्वारमा टाँगेर निर्वाचन अवज्ञा गरिएको हो ।

दाङमा मतदान केन्द्रनजिकै प्रदर्शन

दाङमा मतदान चलिरहँदा मतदान केन्द्रनजिकै नेकपा (बहुमत) ले निर्वाचनविरुद्ध प्रदर्शन गरेको छ ।

नेकपा (बहुमत) दाङले जिल्लाको क्षेत्रीय बजार साबिक राप्ती अञ्चल सदरमुकाम तुलसीपुर र जिल्ला सदरमुकाम घोराहीमा रहेको मतदान केन्द्रनजिकै प्रदर्शन गरेको हो ।

नेकपा (बहुमत) ले संसदीय निर्वाचनको मतदानलाई अवज्ञा गर्न आह्वान गर्दै दाङको क्षेत्रीय सहर तुलसीपुर र जिल्ला सदरमुकाम घोराहीमै अवज्ञा सभा गरेको छ । नेकपा (बहुमत) दाङले अवज्ञा च्यालीसहित प्रदर्शन गर्दै कोणसभा गरेको हो ।

उक्त कोणसभामा सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दाङका संयोजक वीरेन्द्र परिवर्तन गर्नुपर्नेमा जोड दिए ।

आलोकले कोणसभा सञ्चालन गर्दै सभामा उपस्थित पार्टी कार्यकर्ता र सर्वसाधारणलाई धन्यवाद र बधाई दिएका थिए ।

प्रहरीले भने निर्वाचन आचारसंहिताविपरीत भन्दै नेकपा (बहुमत) का नेता-कार्यकर्तालाई गिरफ्तार गरिएको दाबी गरेको छ ।

गिरफ्तार हुनेहरूमा नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य गरेको छ । प्रहरीले रसाइलीसँगै नेकपा (बहुमत) का काठमाडौँ इन्चार्ज एवम् पार्टी नवौँ महाधिवेशन आयोजक समितिका सदस्य दीपेन्द्र चलाउने, पार्टी नवौँ महाधिवेशन आयोजक समितिका सदस्यहरू अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) का जनाइएको छ ।

अखिल क्रान्तिकारीका केन्द्रीय सचिवलगायत कयौँ गिरफ्तार

संसदीय व्यवस्थाको चुनाव जनतालाई धोका भएको भन्दै अखिल क्रान्तिकारीले आइतबार काठमाडौँको माइतीघरमा प्रदर्शन गरेको छ । प्रदर्शनस्थलबाट नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीका केन्द्रीय सचिव नवराज भट्टसहितको टोलीलाई प्रहरीले गिरफ्तार गरेको छ ।

दलाल संसदीय व्यवस्थापको निर्वाचनले देशलाई महँगी, भ्रष्टाचार र राष्ट्रघात थप्ने भएकाले निर्वाचन बहिष्कार गर्न आह्वान गर्दै माइतीघरमा प्रदर्शन गरिरहेका विद्यार्थी सङ्गठनका नेता-कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको हो ।

सुनसरीमा चुनाव अवज्ञा आह्वान गर्दै प्रदर्शन

नेकपा (बहुमत) ले संसदीय चुनाव अवज्ञा आह्वान गर्दै सुनसरीका ठाउँठाउँमा प्रदर्शन गरेको छ ।

प्राप्त समाचारअनुसार प्रदर्शनमा पार्टीका सुनसरी-मोरङ जिल्ला इन्चार्ज नरेश, अखिल क्रान्तिकारी सुनसरी अध्यक्ष मिलन, पार्टीका सुनसरी जिल्ला संयोजक खगेन्द्र, १ नम्बर प्रदेश इन्चार्ज निराजन, जिल्ला पार्टी सदस्यहरूलगायतको उपस्थिति रहेको थियो ।

जाजरकोटमा निर्वाचनविरुद्ध प्रदर्शन, दुईजना गिरफ्तार

जाजरकोटमा संसदीय निर्वाचनविरुद्ध प्रदर्शन भएको छ । प्रदर्शनका क्रममा प्रहरीले पार्टीका दुईजना नेता-कार्यकर्तालाई गिरफ्तार गरेको छ ।

जाजरकोटको नलगाड नगरपालिका ८

विकले वर्तमान पुँजीवादी संसदीय व्यवस्थाको निर्वाचनले दलालहरूलाई लुटिखाने वैधानिक लाइसेन्स मात्र दिने भएकाले अवज्ञा गरी वैज्ञानिक समाजवादी व्यवस्थाका लागि अघि बढ्न आह्वान गरे ।

सत्ताधारीको मौन अवधिमा नेकपा (बहुमत) को मशाल जुलुस

संसद्वादीहरू चुनावअघिको मौन अवधिको नाउँमा आर्थिकलगायत विभिन्न चलखेल गरिरहेको समयमा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) मकवानपुरले हेटौँडामा चुनाव अवज्ञा आह्वान गर्दै मशाल जुलुस निकालेको छ ।

विगत एक महिनादेखि भित्तेलेखन, पर्चा-पम्प्लेट वितरण तथा पोस्टर टाँस्ने काम गरिरहेको नेकपा (बहुमत) मकवानपुरले दलाल संसदीय व्यवस्थाले गर्न लागेको निर्वाचन जनताका पक्षमा नभएको निष्कर्षसहित निर्वाचन अवज्ञा आन्दोलनअन्तर्गत शुक्रबार बेलुका मशाल जुलुस निकालेको हो ।

निर्वाचनको समयमा लागू गरिएको मौन अवधिलाई समेत अवज्ञा गर्दै नेकपा (बहुमत) ले हेटौँडा उपमहानगरपालिका चिसापानी बजारमा सयौँको उपस्थितिमा मशाल जुलुस निकालेको हो । जुलुसमा दलाल पुँजीवादी संसदीय व्यवस्था खारेज गर, मङ्सिर ४ को चुनाव अवज्ञा गरौँ, नेकपा (बहुमत) जिन्दावादलगायत नारा लगाइएको थियो ।

मशाल जुलुसपछि आयोजित सभामा सम्बोधन गर्दै पार्टीका मकवानपुर जिल्ला संयोजक शक्तिले वर्तमान राज्य व्यवस्था गरिब, सुकुमबासी, मजदुर, किसान, दलित, महिला, मधेसी, जनजातिको नभई दलाल पुँजीवादीहरूको भएकाले र यो चुनाव पनि उनीहरूकै लागि गराउन लागिएकाले चुनाव अवज्ञा गर्नुपर्ने बताए । उनले व्यक्ति नभएर व्यवस्था

चुनाव अवज्ञा आह्वान गर्दै प्ले कार्ड प्रदर्शन

संसदीय व्यवस्था मान्दैनौँ ! भोट हाल्दैनौँ ! भन्दै बाटोमा हिँडिरहेका नेकपा (बहुमत) का नेता-कार्यकर्तालाई प्रहरीले कञ्चनपुरबाट गिरफ्तार गरेको छ । नेकपा (बहुमत) का नेता-कार्यकर्ता आइतबार बिहान कञ्चनपुरको महेन्द्रनगरमा आफूहरू यो व्यवस्था नमान्ने र भोट नहाल्ने भन्दै प्लेकार्ड बोकेर शान्तिपूर्ण रूपमा बाटोमा हिँडिरहेका थिए ।

प्लेकार्ड बोकेर नेकपा (बहुमत) का नेता-कार्यकर्ता यो व्यवस्थाले देश नै बेचेको, युवा, महिला, विद्यार्थी सबैलाई बेचेको, स्वास्थ्य उपचार निःशुल्क गराउनुपर्ने, सरकार आफैँले भ्रष्टाचार दिन-प्रतिदिन गरिरहेको बताउँदै जनतालाई चुनाव अवज्ञा गर्न आह्वान गर्दै हिँडेका थिए ।

नेकपा (बहुमत) का नेता-कार्यकर्ता महँगीले आकाश छोएको, हत्या, बलात्कारजस्ता जघन्य अपराध बढिरहेको, शिक्षा गुणस्तरीय र निःशुल्क नभएको, युवाहरूलाई स्वदेशमै रोजगार नभएकाले यस्तो संसदीय व्यवस्थाको निर्वाचन अवज्ञा गरौँ भन्दै प्लेकार्डसहित शान्तिपूर्ण प्रदर्शन गरिरहेका थिए ।



काठमाडौँमा चुनावविरुद्ध ठाउँठाउँमा प्रदर्शन, पार्टी सचिवालय सदस्य शरदसहित २५ जना गिरफ्तार

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का केन्द्रीय सचिवालय सदस्य तथा बागमती ब्युरो इन्चार्ज शरद रसाइलीलाई प्रहरीले चुनाव अवज्ञा आह्वान गर्दै आयोजना गरिएको प्रदर्शन स्थलबाट गिरफ्तार तथा अखिल (क्रान्तिकारी) का केन्द्रीय उपाध्यक्ष वीरेन्द्र शाह, नेकपा (बहुमत) का कञ्चनपुर जिल्ला इन्चार्ज अर्जुन, युवा जनस्वयम्सेवकका केन्द्रीय सचिवालय सदस्य तथा सुदूरपश्चिम प्रदेश इन्चार्ज सुरेन्द्र धानुक, जिल्ला संयोजक नक्साल, युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय सदस्य दीपेन्द्र, भरतलगायत छन् ।

नेकपा (बहुमत) कञ्चनपुरले शान्तिपूर्ण राजनीतिक गतिविधि गर्दा गिरफ्तार गरिएका आफ्नो पार्टीका नेता-कार्यकर्ताको यथाशीघ्र रिहाइको माग गरेको छ । अविलम्ब रिहा नगरिए कडा सङ्घर्ष गर्न बाध्य हुने चेतावनी नेकपा (बहुमत) कञ्चनपुरले दिएको छ ।

काठमाडौँमा चुनावविरुद्ध ठाउँठाउँमा प्रदर्शन, पार्टी सचिवालय सदस्य शरदसहित २५ जना गिरफ्तार

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का केन्द्रीय सचिवालय सदस्य तथा बागमती ब्युरो इन्चार्ज शरद रसाइलीलाई प्रहरीले चुनाव अवज्ञा आह्वान गर्दै आयोजना गरिएको प्रदर्शन स्थलबाट गिरफ्तार तथा अखिल (क्रान्तिकारी) का केन्द्रीय उपाध्यक्ष वीरेन्द्र शाह, नेकपा (बहुमत) का कञ्चनपुर जिल्ला इन्चार्ज अर्जुन, युवा जनस्वयम्सेवकका केन्द्रीय सचिवालय सदस्य तथा सुदूरपश्चिम प्रदेश इन्चार्ज सुरेन्द्र धानुक, जिल्ला संयोजक नक्साल, युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय सदस्य दीपेन्द्र, भरतलगायत छन् ।

नेकपा (बहुमत) कञ्चनपुरले शान्तिपूर्ण राजनीतिक गतिविधि गर्दा गिरफ्तार गरिएका आफ्नो पार्टीका नेता-कार्यकर्ताको यथाशीघ्र रिहाइको माग गरेको छ । अविलम्ब रिहा नगरिए कडा सङ्घर्ष गर्न बाध्य हुने चेतावनी नेकपा (बहुमत) कञ्चनपुरले दिएको छ ।

संसदीय व्यवस्थाको चुनाव जनतालाई धोका भएको भन्दै नेकपा (बहुमत) ले आज काठमाडौँमा पनि प्रदर्शन गरेको थियो । जिल्लाका विभिन्न स्थानमा प्रदर्शन जारी रहेको बताइएको छ । प्रदर्शनस्थलबाटै नेकपा (बहुमत) का नेता-कार्यकर्तालाई प्रहरीले गिरफतार गरेको हो ।

यसअघि नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीका केन्द्रीय सचिव नवराज भट्टसहितको टोलीलाई पनि प्रहरीले प्रदर्शनस्थल माइतीघरबाटै गिरफ्तार गरेको थियो ।

दलाल संसदीय व्यवस्थापको निर्वाचनले देशलाई महँगी, भ्रष्टाचार र राष्ट्रघात थप्ने भएकाले निर्वाचन अवज्ञा गर्न आह्वान गर्दै आज नेकपा (बहुमत) ले चुनाव अवज्ञा आह्वान गर्दै देशभर प्रदर्शन जारी राखेको छ । कास्कीको एक मतदानकेन्द्रमा नेकपा (बहुमत) का कार्यकर्ताले मतपेटिका नै फुटाइदिएका छन् । अन्य स्थानमा कोणसभा, नारा, जुलुस जारी रहेको पनि को जिपुवा मतदान केन्द्रमा नेकपा (बहुमत) जाजरकोटका इन्चार्ज धमिलेलगायत पचासौँ कार्यकर्ता संसदीय व्यवस्थाविरुद्ध नारा लगाउँदै मतदान केन्द्र स्थलतर्फ अगाडि बढेपछि केही समय मतदान नै स्थगित भएको थियो ।

प्रदर्शनका क्रममा नेकपा (बहुमत) निकट युवा जनस्वयम्सेवक नेपालका जिल्ला अध्यक्ष पदम र नेकपा (बहुमत) जिल्ला सम्मेलन आयोजक समिति सदस्य आक्रोशलाई प्रहरीले गिरफ्तार गरेको हो ।

नेकपा (बहुमत) कैलालीद्वारा मतदान केन्द्रअगाडि नाराबाजी

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) कैलालीले घोडाघोडीमा संसदीय व्यवस्थाका विरुद्ध नाराबाजी गरेको छ ।

नेकपा (बहुमत) ले कैलाली जिल्लाको घोडाघोडी नगरपालिका ८ मेलघट्टीको मतदान केन्द्रमा चुनाव र संसदीय व्यवस्थाका विरुद्ध नाराबाजी गर्दै अवज्ञा गरेको हो ।

मकवानपुर जिल्ला इन्चार्जसहित ८ जना गिरफ्तार

संसदीय व्यवस्थाको निर्वाचन जनतालाई धोका भएको भन्दै नेकपा (बहुमत) मकवानपुरले हेटौँडामा गरेको प्रदर्शनमा नेकपा (बहुमत) का नवौँ महाधिवेशन आयोजक समिति सदस्य भीमबहादुर खड्का (ध्रुव) सहित ८ जनालाई प्रहरीले गिरफ्तार गरेको छ ।

शान्तिपूर्ण रूपमा चुनाव अवज्ञा गर्दै प्रदर्शन गरिरहेको समयमा नेकपा (बहुमत) का नेता भीमबहादुर खडका, संयोजक विक्रम थापा, वसन्त तामाङ, अनिल स्याङ्तान, अजय गहतराज, विकास लामा, शेरमान लामालगायत ८ जनालाई प्रहरीले गिरफ्तार गरेको हो ।

दोलखामा निर्वाचन केन्द्रनजिकै कोणसभा

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दोलखाले आज शैलुङ गाउँपालिका वडा नम्बर ७ को निर्वाचन बुथको २०० मिटर दूरीमा अवज्ञा कोणसभा सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा प्रमुख बक्ता दोलखा-सिन्धुपाल्चोक जिल्ला इन्चार्ज विनयराज शर्मा थिए । कार्यक्रममा जिल्लास्तरीय नेता-कार्यकर्ता र सर्वसाधारण उपस्थित थिए ।

कार्यक्रमस्थलबाटै मतदान गर्न हिँडेका १०० जनाभन्दा बढी मतदातालाई घर फर्काइएको नेकपा (बहुमत) दोलखाले जनाएको छ ।

कोणसभालाई सम्बोधन गर्दै प्रमुख वक्ता पार्टी जिल्ला इन्चार्ज विनयले यो व्यवस्थामा गएर भोट हाल्नु भनेको मुठीभर दलालहरूको पक्षपोषण गर्नु रहेको बताए । उनले मत दिएर राष्ट्रघात, जनघात र भ्रष्टाचार गर्नेलाई लाइसेन्स नदिन आह्वान गर्दै जनवादसहितको वैज्ञानिक समाजवादी सत्ता प्राप्त गर्ने महान् अभियानमा गोलबद्ध हुन जनसमुदायलाई आह्वान गरे ।

काण्डैकाण्डमा मुछिएका राजनीतिक दलका उम्मेदवारलाई भोट नहाली यसलाई सशक्त अवज्ञा गर्नुपर्ने उनले बताए । कार्यक्रमको अध्यक्षता तथा सञ्चालन पार्टी जिल्ला संयोजक अन्जान लामाले गरेका थिए ।

झापा सरदमुकाममै संसदीय चुनावविरुद्ध नारा-जुलुस

मतदान चलिरहँदा झापामा मतदान केन्द्रनजिकै नेकपा (बहुमत) ले निर्वाचनविरुद्ध प्रदर्शन गरेको छ । नेकपा (बहुमत) झापाले भद्रपुर वडा नं ७ सरस्वतीचोकमा रहेको वीरेन्द्र माविमा रहेको मतदान केन्द्रमै प्रदर्शन गरेको हो । यस्तै झापाको सदरमुकाम चन्द्रगढीमा पनि प्रदर्शन र कोणसभा गरिएको छ ।

उक्त कोणसभामा सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टी (बहुमत) झापाका सदस्य कमल सहनीले संसदीय निर्वाचन जनतालाई धोका मात्र भएकाले आफ्नो पाटीले अवज्ञा गरेको बताए । संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था नै उत्तम व्यवस्था भएकाले समाजवाद स्थापनाको बाटोमा अघि बढ्न उनले सबैलाई सचेत गराए ।

नवलपुरमा मतदान केन्द्रनजिकै प्रदर्शन

मतदान चलिरहँदा नवलपुरमा नेकपा (बहुमत) ले निर्वाचनविरुद्ध प्रदर्शन गरेको छ । संसदीय चुनाव अवज्ञा गर्ने नीतिअनुसार आइतबार नेकपा (बहुमत) नवलपुरले जिल्लाको कावासोती १० नं. वडामा बृहत् प्रदर्शन गरको हो ।

उक्त प्रदर्शनमा सम्बोधन गर्दै नेकपा (बहुमत) नवलपुर जिल्ला इन्चार्ज बन्दनाले नेपाली जनताले दलाल संसदीय व्यवस्थालाई भोट नदिन र चुनाव अवज्ञा गर्न आह्वान गरेका थिए ।

बझाङमा चुनाव अवज्ञा कोणसभा

नेकपा (बहुमत) बझाङ जिल्लाको आयोजनामा जयपृथ्वी नगरपालिका १ कैलासमा चुनाव अवज्ञा कोणसभा सम्पन्न भएको छ ।

कोणसभामा सम्बोधन गर्दै जिल्ला संयोजक बाजिला शाहीले संसदीय व्यवस्था असफल सिद्ध भइसकेकाले दलाल संसदीय व्यवस्थाको चुनावको कुनै औचित्य नभएको बताए ।

कोणसभामा अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य कुमार शाही 'सुदीप', पार्टी जिल्ला कार्यालय सचिव कृष्णबहादुर सिंहलगायतले सम्बोधन गरेका थिए ।

कञ्चनपुरमा चुनाव अवज्ञा ब्यानर

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को सहायक सङ्गठन युवा जनस्वयम्सेवक नेपालले कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगरमा संसदीय चुनाव अवज्ञा गर्नुपर्ने कारणसहित ब्यानर टाँस्नुका साथै मतदान केन्द्रमा अवज्ञा पर्चा वितरण गरेको छ

उक्त ब्यानरमा चुनाव अवज्ञा गर्नुपर्ने कारण उल्लेख गर्दै लेखिएको छ :

भ्रष्टाचारीहरूको सम्पत्ति जफत गरी राष्ट्रियकरण गर्न, स्वास्थ्य र शिक्षामा हुने निजीकरणको अन्त्य गर्न, फ्रि भिसा, फ्रि टिकटका नाममा युवालाई विदेश जान प्रोत्साहन गर्ने कार्य रोकी स्वदेशी भूमिमा रोजगारी सिर्जना गर्न, एमसीसीलगायत हरेक राष्ट्रघाती सन्धि-सम्झौता खारेज गर्न, आवासविहीन जनतालाई आवासको सुनिश्चितता गर्न, हरेक नेपाली नागरिकलाई जन्मसिद्ध जमिनमाथिको अधिकार स्थापित गर्न, अपाङ्ग, अनाथ, वृद्ध तथा बालबालिकालाई राज्यद्वारा संरक्षण प्रदान गर्न, दलाल पुँजीवादी संसदीय राज्यव्यवस्था अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था लागू गर्न चुनाव अवज्ञा गर्नु आवश्यक छ ।

बाँकेमा प्रदर्शनसहित घरदैलो कार्यक्रम

बाँकेमा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले चुनाव अवज्ञाका पक्षमा कालो ब्यानर प्रदर्शनसहित घरदैलो कार्यक्रम सम्पन्न गरेको छ ।

बाँकेका विभिन्न सार्वजनिक स्थलमा नेकपा (बहुमत) ले 'कथित संसदीय चुनावको अवज्ञा गरौँ !, वैज्ञानिक समाजवादी क्रान्तिको बाटोमा अघि बढौँ !!, वैज्ञानिक समाजवाद जिन्दावाद !!' लेखिएका ब्यानर प्रदर्शन गरेको हो । सार्वजनिक स्थलहरूमा काला ब्यानर टाँगिएको छ ।

घरदैलो कार्यक्रममा पर्चा वितरण र पोस्टरिङ गर्दै जनसमुदायसमक्ष पुगेर भोट नहाल्न अनुरोध गरिएको बताइएको छ ।

भक्तपुरबाट जिल्ला इन्चार्ज गिरफ्तार

संसदीय व्यवस्थाको चुनाव आमनेपाली जनताका पक्षमा नरहेको भन्दै नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले भक्तपुरमा प्रदर्शन गरेको छ । प्रदर्शनबाट नेकपा (बहुमत) का भक्तपुर इन्चार्ज रोजन रखालसहित ८ जनलाई प्रहरीले गिरफ्तार गरेको छ ।

भक्तपुरमा रहेको जिल्ला निर्वाचन आयोगको कार्यालयनजिकै चुनाव अवज्ञाका पक्षमा नारा लगाउँदै प्रदर्शन गरिएको थियो । शान्तिपूर्ण रूपमा प्रदर्शन गरिरहेको समयमा प्रहरीले नेकपा (बहुमत) का नेता-कार्यकर्तालाई गिरफ्तार गरेको हो ।

चुनाव अवज्ञा गर्न आह्वान

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दोलखाले मङ्सिर ४ को चुनाव अवज्ञा गर्न अपिल गर्दै प्रेस विज्ञप्ति जारी गरेको छ ।

इन्चार्ज विनयराज शर्मा र संयोजक अन्जान लामाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ' कथित सङ्घ र प्रदेशको चुनावमा भाग लिएर मतदान गर्नु भनेको एमसीसी, एसपीपी, हिन्द प्रशान्त रणनीति IPS र राष्ट्रघाती नागरिकता विधेयक पास गर्ने दलका उम्मेदवारलाई पुनः ५ वर्षका लागि अनुमतिपत्र दिनुबराबर हो । तसर्थ आमदोलखाली आमाबुबा, दाजुभाइ, दिदीबहिनी, बुद्धिजीवी, पत्रकार, सुरक्षाकर्मी मित्रहरूलाई चुनाव अवज्ञा गर्न हार्दिक अपिल गर्दछौँ र यसको विकल्पमा जनवादसहितको वैज्ञानिक समाजवादी सत्ता प्राप्त गर्ने महान् बाटोमा गोलबद्ध हुनसमेत आग्रह गर्दछौँ ।'

निर्वाचन अवज्ञा गर्न आह्वान गर्दै मशाल जुलुस

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दोलखाले मङ्सिर ४ को संसदीय चुनाव अवज्ञा गर्न आह्वान गर्दै चुनावको पूर्वसन्ध्यामा मशाल जुलुस निकालेको छ । दोलखाका ९ वटै स्थानीय तहमा शनिबार साँझ मशाल जुलुस निकालिएको पार्टीले जनाएको छ ।

१९०० जनाभन्दा बढीलाई चुनाव अवज्ञा गर्न आह्वान गर्दै पर्चा वितरण गरिएको, चुनाव अवज्ञाका पक्षमा जिल्लाभरि ३०० भन्दा बढी पोस्टर टाँसिएको, ३०० भन्दा धेरै घरमा पुगेर कथित सङ्घ र प्रदेशको चुनावमा भाग नलिन आग्रह गरिएको पनि नेकपा (बहुमत) दोलखाले जनाएको छ ।

यो चुनाव संसद्वादी दलका नेताहरूलाई राष्ट्रघात, जनघात, महँगी, भ्रष्टाचार गर्ने लाइसेन्स दिने प्रक्रिया भएकाले यसको अवज्ञा गर्नुपर्ने भन्दै नेकपा (बहुमत) ले देशभर अवज्ञा कार्यक्रम गर्दै आएको छ ।

समय समीक्षा

हामी जित्नेछौं ! विचार, समय र आन्दोलनले जित्नेछ !

अशोक सुवेदी

मेरो गीत कति भयानक छ तिम्रो धुन
जब मैले यो विपत्लाई गाउनु छ
विपत् जसमा म अहिले बाँचिरहेको छु
विपत् जसमा म अहिले मरिरहेको छु...

– भिक्टर जारा

हो, चिलीका क्रान्तिकारी कवि, गायक एवम् सहिद भिक्टर जाराको हामी जित्नेछौँ गीतजस्तै छ हामीले बाँचेको विषाक्त वर्तमान । लोकतान्त्रिक र गणतान्त्रिक भनिने वर्तमान सत्ताले मानिसले सुखसँग बाँच्न त के दुःख गरेर बाँच्छुभन्दा पनि त्यो वातावरण बनाएको छैन । तीन करोडभन्दा पनि कम जनता भएको देशमा एक करोडको हाराहारी क्षमतावान् युवा त कामको खोजीमा विदेशमै भौँतारिइरहेका छन् अनि जनताले किन गाउँदैनन् विद्रोहको

गीत, अनि युवाले किन फाल्दैनन् मतपेटिका, अनि जनताले किन रित्तै पठाइदिँदैनन् मतपत्र हाल्न थापिएका बाकस ! दैनिक हजारौँ युवा प्रियजनसँग रुवाबासी गर्दै एयरपोर्टबाट बिदा हुन्छन् र दर्जनौँ युवाको शव आउँछ बाकसमा प्याक भएर । बिदा गर्दा पनि रुनुपर्ने अनि रुँदैरुँदै प्रियजनको लास बुझ्नेपर्ने विडम्बनामा पुऱ्याइदिएका छन् पुँजीवादी शासकहरुले । यस्तो अवस्थामा थबाङहरूले विद्रोह नगरे कसले गर्छ विद्रोह !

चुनावको मुखैमा सामाजिक सञ्जालमा 'गाउँगाउँबाट उठौँ' गीतको प्यारोडी बनाएर सार्वजनिक गरिएको गीतले आक्रोशित जनताको भावनाको पनि प्रतिनिधित्व गऱ्यो र निकै राम्रो स्थान पनि पायो । गीत यस्तो थियो :

गाउँगाउँबाट खेदौँ, बस्तीबस्तीबाट खेदौँ
यो देश लुट्नेहरूलाई देशबाटै खेदौँ
हातमा खुर्पा हुनेहरूले खुर्पा लिएर खेदौँ
गैँची-गल चलाउनेहरूले गैँची लिएर खेदौँ
हलो जोत्ने कृषकहरूले फाली लिएर खेदौँ
आरन चलाउने हातहरूले घन लिएर खेदौँ...
कलम चलाउने हातहरूले कलम लिएर खेदौँ
गीत गाउन जान्नेहरूले गीत गाएर खेदौँ
केही नहुने जनताहरूले प्रश्न सोधेर खेदौँ
भोट हाल्न जानेहरूले भोट नहालेर खेदौँ ।
गाउँगाउँबाट खेदौँ, बस्तीबस्तीबाट खेदौँ
यो देश लुट्नेहरूलाई देशबाटै खेदौँ

यो प्यारोडी कसले बनायो, थाहा छैन तर विद्यमान व्यवस्थाबाट आजित आममानिसको मूल मर्म बोकेको छ यो गीतले । त्यसैले बुझ्न सकिन्छ, चुनावमा ४० प्रतिशत मत पनि खसेन । जनताले व्यवस्था, पार्टी र व्यक्ति सबैलाई अवज्ञा गरेका कारण स्वतः व्यवस्था नै अवैध प्रमाणित भयो ।

वर्तमान कति भद्रगोल, असमान, व्यभिचारी छ भन्ने विषय कि त क्रान्तिकारी पार्टीका दस्ताबेज र भाषणहरूमा मुखरित हुन्छ कि त क्रान्तिकारी मार्क्सवादी स्रष्टाहरूको सिर्जनामा । सत्तान्धहरू त फेरि कसरी जालझेल र प्रपञ्च गरेर सत्तामा पुग्ने र कसरी अर्को पाँच वर्षसम्म लुटपाट र दोहन गर्ने भन्ने ध्याउन्नमै छन् । यति विसङ्गत समय पहिले कहिल्यै थिएन भन्ने अवस्थामा जनता पुगे त्यसैले सामान्य विकल्पहरू रोज्नुपर्दा उनीहरुले साङ्केतिक विद्रोह पनि गरे ।

मार्क्सवादी स्रष्टा बीपी विद्रोही विद्यमान असङ्गत अवस्था र जनताको विद्रोही भावनालाई यसरी प्रस्तुत गर्छन् :

आजकल जून रातमा छैन, घाम बिहानमा छैन
त्यस्तो सन्नाटा चाहन्छ सत्ता जति चिहानमा छैन
नफस्नुहोस् तपाईं चुनावी घोषणापत्रको कुलतमा
बरु पिउनुहोस् मज्जाले त्यति खराबी धूमपानमा छैन
पढ्नुहोस् धोकाको शिक्षालयमा तिरस्कारको ठेली
जति पाठ अपमानमा छ त्यति सम्मानमा छैन

चढेर आउने क्षमताका सम्पन्न रहेको बताएकी थिइन् । मुखले भने पनि नभने पनि एमाले, माके, राप्रपा, मधेसवादी वा आफूलाई स्वतन्त्र भनाउन रुचाउनेहरू पनि दैनिक हवाईजहाज र महँगामहँगा गाडी चढेर विपन्न मतदातालाई लोभ्याउँदै हिँडेका देखिए । आममानिसलाई राजनीतिले लोभ्याएको पनि समाजको आमूल परिवर्तनभन्दा आफूहरू सत्तामा पुगेमा यसैगरी हुनेखाने बन्ने र गाडीघोडा चढ्न सक्ने बन्ने अभिप्रायले नै हो । सिद्धान्त र व्यवस्थाले भन्दा व्यक्तिगत लालसाले मानिसहरू सक्ने-नसक्ने प्रलोभन दिएर चुनावमा होमिए । अब दलालीका पैसाले लड्ने यो दलाल पुँजीवादी व्यवस्था, संसदीय चुनाव, महँगो चुनाव इमानदार र मेहनती वर्गका लागि रहेन, धनाढ्यहरूको पेवा बन्यो । यसैले पनि आमजनतामा यो व्यवस्थाप्रति वितृष्णा बढिरहेको छ र जनताले विद्रोहको बाटो रोजिरहेको छ ।

नेपाली समाज दलाल पुँजीवादी संसदीय व्यवस्था



अवज्ञा गर्दै वैज्ञानिक समाजवादी क्रान्तितर्फ अग्रसर छ । संसदीय व्यवस्थाको रक्षाका लागि गराइएको निर्वाचन, यसक्रममा भए-गरिएका अशोभनीय, अलोकतान्त्रिक र सिद्धान्तहीन गठबन्धन, चलखेल तथा हर्कतहरूका विरुद्ध जनताले व्यक्त गरेको विद्रोह र आक्रोश हेर्दा राजनीतिक-सांस्कृतिक प्रतिक्रान्तिपछि जनताले नयाँ निकास खोजेको प्रस्टै देखिन्छ यद्यपि दलाल पुँजीवादी शासकहरूले यो व्यवस्था र यसले गराएको निर्वाचनलाई वैधानिकता दिने अन्तिम प्रयास गरिरहेका छन् । यो उनीहरूको मृगमरीचिकाबाहेक केही होइन ।

जनता अर्थात् उत्पीडित श्रमजीवी जनताले कहीँ सुनिने गरी र कहीँ मौनतापूर्वक संसदीय व्यवस्था अवज्ञा गरिदिएका छन् र वैज्ञानिक समाजवादको मार्गप्रसस्त गरिदिएका छन् । संसदीय संशोधनवादी बनेको एउटा समूहले फेरि चुनावमा जान नपाएको झोकमा पेट्टीबुर्जुवा रोमान्स देखाउँदै आत्मघाती हर्कत गरेर क्रान्तिकारी युवाहरूको क्षति गराएको छ । नेकपा (बहुमत) ले देशैभरि अवज्ञाको आवाज बुलन्द पारेको छ र कास्कीलगायत स्थानमा मतपेटिका नै ध्वस्त बनाएर क्रान्तिकारी आवाज चर्काएको छ । स्रष्टाहरू पनि सत्ताको विनाशलीला टुलुटुलु हेरेर बसिरहेका छैनन् । मार्क्सवादी स्रष्टाहरू यो पट्टयार र दिक्दारलाग्दो वर्तमानबाट समाजलाई निकास दिन मस्तिष्कमन्थन गरिरहेकै छन् ।

मार्क्सवादी युवा स्रष्टा रसुवाली कवि 'मौनताको तरबार' लेख्दै भन्छन् :

आवाजहरूलाई बन्द गर
सुन सन्नाटाहरूको भूकम्पलाई
बन्द गर आक्रोशहरू
फुल्न नदेऊ मखमलीहरूलाई
सत्तासीन छ मौनता
धप्पक्कै छ अन्धकार
चुप लाग
आवाजहरू निद्रामा छन्
झर्न सक्छ पारिजातको फूल
रोक बतास र सिरोटोलाई
मानिसहरूको श्वास बढ्न सक्छ
कोही रुन सक्छ ऍँठनले
खोकीले सताउन सक्छ
पुराना दमका रोगीहरूलाई

सुस्तरी कोइलीले वसन्तको गीत गाउन सक्छ
भर्भराउन सक्छ अगेनामा आगो
चुप लाग
आवाजहरू निद्रामा छन्
जतिसुकै रटे पनि मौनताको सारङ्गी
एक दिन सङ्घर्षले उठाउनेछ मुन्टो
आन्दोलन बन्नेछ जब्बर
मौनताको तरबार ज्यादै भुत्ते छ ।

समय मौनताबाट पनि विद्रोह गरिरहेको छ र अवाज, गतिविधि र हाउभाउसहित पनि विद्रोह बोलिरहेको छ । थबाङहरूले फेरि यो चिच्याहट र भद्रगोललाई मौनताबाटै अवज्ञा गरिदिएका छन् । देशमा एउटा मात्र थबाङ छैन, हजारौँ थबाङ र कास्कीका लुम्रेहरू जन्मिसकेका छन् ।

यसरी भद्रगोललाई चिर्दै थबाङ र लुम्रेहरु जन्मिरहेको समयमा जन्मदिनको सन्दर्भ पारेर ३ मङ्सिर २०७९ मा रचना गरेको 'आजको बिहान र उद्देश्यको सगरमाथा' शीर्षकको आफ्नै कविता प्रस्तुत गर्दै यो साताको समयसमीक्षा यहीँ बिट मार्ने अनुमति माग्छु :

सङ्घर्षमय बनिरहेकै छ जीवन
लक्ष्य चुम्ने जुन मेरो उद्देश्य हो ।
कतै थाकेँ, गलेँ वा सुस्ताएँ कि ?!
सोध्छु आफैँलाई
परीक्षण गर्छु प्रियजनहरूसँग
र जाँच्छु नजिकदेखि टाढासम्मका वर्गवैरीहरूसँग
अहँ छैन हारेको र थाकेको
घटेको छैन, उचाइ छोइरहेकै छ माया प्रियजनहरूको
बढिरहेकै छ दुस्मनको र दुस्मनहरूप्रतिको घृणा
यसको अर्थ लगाउन कुनै कठिनाइ पर्दैन मलाई-
म ठीक छु र अझ ठीक हुँदैछु ।

छैन कुनै गुनासो जीवनप्रति
केही उपहार छ यसमा
केही उद्देश्य छ र यत्न छ ।
जहानियाँ शासनविरुद्ध लड्दालड्दा थाकेर
रित्तो हात घर फर्किएका मेरा बाबाले
देखेका थिए होलान् सपना-
मेरोजस्तो सिसिफस कहर नकाटोस् यसले...
तर यतिचाहिँ ठोकेरै भन्छु-
उनले चाहेका थिए- म कसैको दास नबनूँ
गुमाएर अस्तित्व र स्वाभिमान ।
हो, यसैमा गर्व छ मलाई
सार्थक जीवनका लागि
माग्नुपरेको छैन परायासँग भिक ।

सङ्घर्ष, सङ्घर्ष, सङ्घर्ष...
जीवनलाई सङ्घर्षको पर्यायवाची बनाएकी मेरी आमाले
सोचेकी थिइन् अवश्य-
मिसिनु परे पनि माटोमा
नगुमाओस् धैर्य
र जोगाइराखोस्, बढाइराखोस् जीवनसङ्घर्ष, विचारसङ्घर्ष...
हो, यसमै अति गौरवशाली ठान्छु म आफूलाई
जीवनका अन्तिम पलहरूमा
तिनका लोलाएका आँखाहरूले जे चाहेका थिए मसँग
छैन मैले तिनको विश्वास डगमगाएको
म जान्दछु
तिनै र त्यस्तै आशा र विश्वासहरू छन्
मेरा प्रिय कमरेडहरूका पनि मसँग
जन्मिए त के गर्नु एकाध कुलङ्घार विभीषणहरू
देखिए त के गर्नु एकाध शकुनी र जुडासहरू
पराजित त भइरहेकै छन् नि उनीहरू
तब न छ जीवन प्रिय-प्रिय
गर्दै सङ्घर्ष
भित्रदेखि बाहिर, पर-परसम्म निरन्तर
झन्-झन् स्पातिलो बनेको छ जीवन ।

घुमिफिरी आउँछन् शिशिर र वसन्तहरू
जीवनमा थप्दै आशामाथि आशा

ल्याउँछन् बोकेर गर्विला इतिहास
पल्टाउँछु पाना जीवनका
घुम्छन् चलचित्रका दृश्यहरूझैँ झन्झन् नवीन दृश्यहरू ।
मुखिया विष्णुप्रसादसँग मल्लयुद्ध लडिरहेका
शिवलाल-चन्द्रलालहरू आउँछन् घरिघरि
पुष्पलाल-गङ्गालाल-कृष्णलालका सपना बोकेर
र गर्छन् खबरदारी ।
जिम्मल ज्ञानप्रसाद र डम्बरजङ्गहरूसँग लडिरहेका
हितप्रसाद र जूनमायाहरू आउँछन्
र गराउँछन् सावधान-
झुकेर, लत्रेर, लम्पसार परेर
ठगेर, ठगिएर बाँच्नु पनि के बाँच्नु !
हो, यसैले त स्पातिलो बनाएको छ जीवन
हो, यसैले त सार्थक बनाएको छ जीवन !

इतिहास र वर्तमानका रक्तिम पानाहरू भन्छन्-
वसन्त ल्याउन त अनन्त तुसारे शिशिरहरू पार गर्नुपर्छ...
यो निश्चित हो
अब पटाक्षेप बनिरहेका छन् निरन्तर यत्न-प्रयत्नले

वसन्त आउने बाटोका अवरोधक शिशिरे कहरहरू ।
उद्देश्यका क्षितिज र सगरमाथा
पर्यटक बनेर दृश्यपान गर्नका लागि अवश्य होइनन्
ती त विजयको उद्देश्य चुम्नका लागि हुन् ।

त्यसैले छैन जीवनप्रति कुनै गुनासो
किनकि
दैनन्दिन निकट बनिरहेका छन्
उद्देश्यका क्षितिज र सगरमाथाहरू
यिनैले पुऱ्याउनेछन् हामीलाई
सार्थक जीवनका उद्देश्य बनेका
विचार र आस्थाका सगरमाथाहरूसम्म ।

– सिर्जनानगर, नयाँघर

रोहितलाई पार्टी केन्द्रीय कार्यालयद्वारा...

युवा सङ्गठनका नेता तथा पार्टीको जनकपुर ब्युरो कार्यालय सचिव रहेका रोहित ढकाललाई नेपाल

कम्युनिस्ट पार्टी (बहुमत) को केन्द्रीय कार्यालयले स्वागत गरेको छ । ढकाललाई शुक्रबार पार्टीको केन्द्रीय कार्यालयले स्वागत अभिनन्दन गरेको हो ।

रोहितलाई स्वागत गर्दै नेकपा (बहुमत) का संयोजक कञ्चनले उनको गिरफ्तारी र रिहाइपछिको समयसम्म राजनीतिमा धेरै उथलपुथल भइसकेको परिस्थितिबारेमा जानकारी गराए । संयोजक कञ्चनले सबै कारागारमा अन्यायपूर्वक जेलजीवन बिताइरहेका साथीहरूको रिहाइका लागि कसरत गरिरहेको पनि बताए । आफ्नो पार्टी नयाँ कार्यक्रम र कार्यदिशासहित अघि बढिरहेको अवस्थामा नयाँ स्पिरिटका साथ अगाडि बढ्नुपर्ने संयोजक कञ्चनले बताए ।

नेकपा (बहुमत) का प्रवक्ता सुदर्शनले रोहितलाई स्वागत गर्दै उनी लामो समयपछि कारागारभित्रको क्रान्तिकारी विश्वविद्यालयबाट दीक्षित भएर बाहिर निस्किएको बताए । रोहित जेल बसाइका क्रममा भएको चोटको उपचारको व्यवस्था पार्टीले गर्ने प्रस्ट पार्दै प्रवक्ता सुदर्शनले उनलाई पार्टीले दिएको जिम्मेवारीका बारेमा पनि जानकारी दिए ।

आफ्नो स्वागतमा ओयाजित कार्यक्रममा रोहितले तत्कालीन केपी ओली सरकारले आफूलाई गिरफ्तार गरेर जेल–नेल र यातना दिएको स्मरण गराए । पार्टी नेतृत्वसमक्ष आफ्नो जेल र हिरासत जीवनको अनुभूति पस्किँदै उनले जसले जेलजीवनको अनुभूति गर्छ, त्यो नै स्पातिलो त परिपक्व बन्ने धारणा पनि राखे । पार्टी, आन्दोलन र क्रान्तिका पक्षमा आफू अझै स्पातिलो भएर लाग्ने उनले बताए ।

२०७६ साल पुस ४ गते सर्लाहीको लालबन्दी बजारबाट गिरफ्तार भएका रोहित जनकपुर हिरासत, सिन्धुली जेल, काठमाडौँको केन्द्रीय कारागार र भद्र बन्दीगृह गरी करिब ३ वर्षपछि २०७९ कात्तिक २३ गते जनकपुरबाट रिहा भएका हुन् । प्रहरीले उनलाई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, विस्फोटक पदार्थलगायत झूट्टा मुद्दा लगाएको थियो । प्रहरी यातनाका कारण उनको टाउको र शरीरमा गम्भीर चोट लागेको छ । उनी अझै बिरामी छन् । सरकारले लगाएको झूट्टा मुद्दाहरूमा अदालतमा भएको बहसपछि अदालतले ५ लाख धरौटीमा रोहितलाई रिहाइको आदेश गरेको थियो । रोहित रातो खबरकर्मी पनि हुन् ।

अदालतले चर्को धरौटी राखेपछि पार्टी संयोजक कञ्चनकी जीवनसँगिनी एवम् पार्टी सल्लाहकार समितिकी सदस्य हिमा बास्तोलाका नाममा रहेको पाँच लाख रुपैयाँ धरौटीबराबरको जग्गा बैङ्कमा धितो राखी रोहित रिहा भएका थिए । उनको कानुनी प्रक्रिया पूरा गराउन कानुन विभागका रामकृष्ण भण्डारी र दिवस निरौला खटिएको पार्टी केन्द्रीय कार्यालयले जनाएको छ ।

हिरासतमुक्त नेता–कार्यकर्तालाई ...

१५ जना, दरबारमार्ग प्रहरी वृत्त हिरासतमा रहेका ७ जना र तीनकुने प्रहरी वृत्तको हिरासतमा रहेका २ जनासमेत २४ जनालाई पार्टीका संयोजक कञ्चन, प्रवक्ता सुदर्शनलगायत पार्टी नेताको उपस्थितिमा हिरासतमुक्त गरिएको थियो । हिरासतबाट मुक्त भएका सबै नेता–कार्यकर्तालाई बागबजारस्थित हार्दिक होटेलमा पार्टीका संयोजक कञ्चन र प्रवक्ता सुदर्शनले अबिर र खादा लगाएर स्वागत गरेका थिए ।

सोह्रखुट्टे हिरासतबाट शरद रसाइली, हरि श्रेष्ठ, निशान ठकुरी, नितेश थापा, रोहित दाहाल, सरोज न्यौपाने, भूपाल विक, दिनेश नेपाली, दीपेन्द्र क्षेत्री, दिनेश जोशी, मीनबहादुर ऐरी, उद्धव थापा, विक्रम पौडेल, आयुषा भुजेल र सम्झना गिरी मुक्त भएका हुन् । त्यसैगरी दरबारमार्ग हिरासतबाट नवराज भट्ट, सपना पुनमगर, वीरेन्द्र नेपाली, कृष्ण खड्का, गणेश थापा, स्मृति कार्की र वचन शाह मुक्त भएका छन् । त्यसैगरी तीनकुने हिरासतबाट गोविन्द बिष्ट र धनराज विक मुक्त भएका छन् ।

हिरासतमुक्त भएका नेता–कार्यकर्तालाई स्वागत अभिनन्दन गर्दै नेकपा (बहुमत) का नेताहरूले दलाल पुँजीवाद र संसदीय व्यवस्था असफल भइसकेकाले क्रान्तिकारी आन्दोलनले यसलाई विस्थापित गरेर वैज्ञानिक समाजवाद स्थापित गर्ने बताए । जेल मोर्चामा विजय प्राप्त गरेर नेकपा (बहुमत) का नेता–कार्यकर्ताले आफ्नो क्रान्तिकारी कौशल प्रस्तुत गरेको पनि नेताहरूले बताएका थिए ।

संसदीय व्यवस्था पूर्ण रूपमा ...

(क्रान्तिकारी माओवादी), नेकपा (मशाल) र माओवादी कम्युनिस्ट पार्टी नेपाललाई हार्दिक अभिवादन गर्दछौँ ।'

विज्ञप्तिमा भनिएको छ, 'आज मङ्सिर ४ गते दलाल पुँजीवादी संसदीय व्यवस्थाको चुनाव अवज्ञाका क्रममा काठमाडौँको माइतीघर मण्डलामा जुलुस प्रदर्शनको नेतृत्व गरिरहेको बेला हाम्रो पार्टीका सचिवालय सदस्य तथा बागमती उपत्यका ब्युरो इन्चार्ज कमरेड शरद रसाइली, केन्द्रीय सदस्य तथा काठमाडौँ इन्चार्ज कमरेड दीपेन्द्र चलाउने, केन्द्रीय सदस्य तथा काठमाडौँ संयोजक कमरेड हरिबहादुर चन्द, केन्द्रीय सदस्यहरू हरि श्रेष्ठ, भीम बटालालगायत २४ जना, भक्तपुरको प्रदर्शनबाट केन्द्रीय सदस्य तथा भक्तपुर इन्चार्ज कमरेड रोजन रखाललगायत ४ जना, कञ्चनपुरको चुनाव अवज्ञा जुलुस प्रदर्शनबाट केन्द्रीय सदस्य कमरेड हरिश दयाल, केन्द्रीय सदस्य कमरेड वीरेन्द्र शाहलगायत ८ जना, मकवानपुरको अवज्ञा प्रदर्शनबाट केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज क. भीमबहादुर खड्कालगायत ७ जना, अर्घाखाँचीबाट ५ जना, कास्कीबाट ३ जना, जाजरकोटबाट २ जना कमरेडलाई राज्यसत्ताले गिरफ्तार गरेको छ । हामी शरद रसाइलीलगायत सङ्घर्षको मोर्चामा डटेर गिरफ्तार हुनुभएका सम्पूर्ण कमरेडलाई विशेष अभिवादन गर्दै उहाँहरूको बिनासर्त शीघ्र रिहाइका लागि सरकारसँग जोडदार माग गर्दछौँ । त्यसरी नै झापाको चन्द्रगढी, सुनसरीको इटहरी, धनुषाको वीरेन्द्रबजार, उदयपुर, महोत्तरी, मकवानपुर, दोलखा शैलुङ ७, काठमाडौँ, भक्तपुर, कास्कीको लुम्रे, रूपन्देहीको बुटवल, अर्घाखाँची, कपिलवस्तुको वाणगङ्गा, नवलपुर, दाङका घोराही र तुलसीपुर, जाजरकोटको नलगाडअन्तर्गत जिपुवा, सुर्खेत, कैलालीको घोडाघोडी, कञ्चनपुर म.न.पा., बैतडीलगायत स्थानमा महत्वपूर्ण प्रदर्शन गर्ने कमरेडहरू र जनतालाई बधाई दिन चाहन्छौँ र खासगरी कास्की लुम्रेमा उच्च अवज्ञा प्रदर्शन गर्ने युवाहरूलाई बधाई छ जसले विवेक र आवेगसहित क्रान्तिकारी वीरता प्रदर्शन गरेका छन् ।'

प्रवक्ता सुदर्शनले विज्ञप्तिमा भनेका छन्, 'समग्र अवज्ञा अभियानको मूल्याङ्कन गर्दा (क) यसले दलाल पुँजीवादी संसदीय राज्यव्यवस्थाको विकल्प वैज्ञानिक समाजवादप्रति जनआकर्षण गरेको छ; (ख) यसले ने.क.पा. (बहुमत) को कार्यदिशा, कार्यक्रम र कार्यनीतिलाई सापेक्षतामा स्थापित गर्न सफल भएको छ; (ग) यसले आजको चुनावमा ' मतदाताको उत्साह देखिएन', 'मतदाताको फ्लो देखिएन' भन्ने संसद्वादी नेताहरूकै भनाइ र केही परिकलन गणित (अल्गोरिदम) का विज्ञहरूको भनाइअनुसार '३५ देखि ४० प्रतिशत मात्र मत खसेको' कुराले संसदीय पुँजीवादी व्यवस्थाप्रति जनघृणा व्याप्त भएकाले यस व्यवस्थाअन्तर्गत हुने चुनावसम्बन्धी हाम्रो पार्टीको निर्णय सही रहेको स्पष्ट पारेको छ; घ) यसले क्रान्तिकारीहरूबीच संसदीय व्यवस्थाअन्तर्गत हुने चुनावसम्बन्धी धारणामा बुझाइको नजिक ल्याएको छ; ङ) क्रान्तिकारी पार्टीले जुनसुकै स्थितिमा पनि आफ्नो विकल्प प्रस्तुत गरिरहनुपर्दछ । त्यसकारण हामी यस अवसरमा विभिन्न तथाकथित कम्युनिस्ट घटकहरूभित्र रहनुभएका क्रान्तिकारी विचार समूह, सम्पूर्ण क्रान्तिकारी पार्टी र देशभक्तहरूलाई एउटै झन्डामुनि रही स्वाधीन संयुक्त सरकार निर्माण गर्दै वैज्ञानिक समाजवादतिर अघि बढ्न आह्वान गर्दछौँ ।'

'गिरफ्तार नेता–कार्यकर्तालाई रिहा ...

सङ्गठनका अध्यक्ष राईले विज्ञप्ति जारी गरी चुनाव अज्ञाका क्रममा देशभरबाट सङ्गठनका केन्द्रीय उपाध्यक्ष वीरेन्द्र शाह, केन्द्रीय सचिव नवराज भट्ट, केन्द्रीय सचिवालय सदस्य तथा सुदूरपश्चिम प्रदेश इन्चार्ज सुरेन्द्र धानुक, के.स.स तथा गण्डकी प्रदेश इन्चार्ज हरि बिष्ट, केन्द्रीय सचिवालय सदस्य रमेश सुनार, के.स. तथा पोखरा विश्वविद्यालय इन्चार्ज प्रवेश रुम्बा, के.स. तथा पूर्वाञ्चल विश्वविद्यालय इन्चार्ज दिनेश जोशी, के.स. तथा काठमाडौँ जिल्ला संयोजक मिम ऐडी, के.स. तथा सीटीईभीटी जिल्ला संयोजक भूपाल विक, केन्द्रीय सदस्य तथा अर्घाखाँची जिल्ला इन्चार्ज पदम नेपाली, केन्द्रीय सदस्यहरू आईषा भुजेल, स्मृति कार्की, सपना मगर, कृष्ण खड्का, गणेश थापा, वीरेन्द्र नेपाली, कपिलवस्तु जिल्ला संयोजक लक्ष्मी खनाल, अर्घाखाँची जिल्ला उपाध्यक्ष राजेश, सहसचिव कुमार, जिल्ला सदस्यहरू दिनेश नेपाली, सम्झना गिरी, वीरेन्द्र नाथ र वचन गिरफ्तार भएको जानकारी पनि दिएका छन् ।

अध्यक्ष राईले जारी गरेको प्रेस विज्ञप्तिको पूर्ण विवरण यसप्रकार रहेको छ :

हाम्रो महान् तथा गौरवशाली सङ्गठन अनेर स्ववियू (क्रान्तिकारी) आफ्नो स्थापना कालदेखि नै राजनीतिक अधिकार प्राप्तिसँगै शिक्षा क्षेत्रको आमूल परिवर्तनका लागि निरन्तर सङ्घर्षरत रहेको कुरा अवगत नै छ । सत्ता परिवर्तन गर्ने सङ्घर्षको दौरानमा आफूलाई अग्रमोर्चामा राख्दै त्याग, बलिदान र समर्पणको ओजपूर्ण चरण पार गरी यो संसदीय व्यवस्थाको विकल्पमा समाजवादी व्यवस्था र शिक्षा स्थापना गर्नका लागि निरन्तर सङ्घर्ष गरिरहेको छ ।

वर्तमान दलाल संसदीय व्यवस्था नै असफल भएको बेला व्यक्तिको विकल्प खोज्नु आमजनताका लागि सबैभन्दा ठूलो धोका हो । संसदीय निर्वाचन (प्रतिनिधिसभा/प्रदेशसभाको निर्वाचन) गरी वैधानिक रूपमा भ्रष्टाचार र राष्ट्रघाती सम्झौताको लाइसेन्स प्राप्त गर्नका लागि आज निर्वाचन गरेको छ । जनताको व्यवस्था ल्याउन र शिक्षा सबैको पहुँचमा पुऱ्याउनका लागि लय खयतभ बनबष्ल को नारासहित निर्वाचन अवज्ञा गर्ने क्रममा कथित लोकतन्त्रको धज्जी उडाउँदै सत्ता र शक्तिको आडमा धरपकड गरी आज विभिन्न जिल्लाबाट हाम्रो सङ्गठनका जिम्मेवार कमरेडहरूलाई गिरफ्तार गरेको कार्यप्रति सङ्गठन घोर निन्दा एवम् भर्त्सना गर्दछ । गिरफ्तार सङ्गठनका केन्द्रीय उपाध्यक्ष क. वीरेन्द्र शाह, केन्द्रीय सचिव क. नवराज भट्ट, केन्द्रीय सचिवालय सदस्य तथा सुदूरपश्चिम प्रदेश इन्चार्ज क. सुरेन्द्र धानुक, के.स.स तथा गण्डकी प्रदेश इन्चार्ज क. हरि बिष्ट, केन्द्रीय सचिवालय सदस्य क.रमेश सुनार, के.स. तथा पोखरा विश्वविद्यालय इन्चार्ज क. प्रवेश रुम्बा, के.स. तथा पूर्वाञ्चल विश्वविद्यालय इन्चार्ज क. दिनेश जोशी, के.स. तथा काठमाडौँ जिल्ला संयोजक क. मिम ऐडी, के.स. तथा ऋत्भ्ब्ध जिल्ला संयोजक क. भूपाल विक, केन्द्रीय सदस्य तथा अर्घाखाँची जिल्ला इन्चार्ज क.पदम नेपाली, केन्द्रीय सदस्य कमरेडहरू आईषा भुजेल, स्मृति कार्की, सपना मगर, कृष्ण खड्का, गणेश थापा, वीरेन्द्र नेपाली, कपिलवस्तु जिल्ला संयोजक लक्ष्मी खनाल, अर्घाखाँची जिल्ला उपाध्यक्ष क. राजेश, सहसचिव क. कुमार, जिल्ला सदस्य कमरेडहरू दिनेश नेपाली, सम्झना गिरी, वीरेन्द्र नाथ र वचनलाई अविलम्ब बिनासर्त रिहा गर्न जोडदार माग गर्दछौँ । अन्यथा इँटको जबाफ पत्थरले दिनेसमेत देउवा नेतृत्वको गठबन्धन सरकारलाई जानकारी गराउन चाहन्छौँ ।

अन्त्यमा विभिन्न रूपबाट कथित संसदीय व्यवस्थाको निर्वाचन सक्रिय रूपमा अवज्ञा गर्ने सङ्गठनका नेता–कार्यकर्तालगायत आमयुवा, विद्यार्थी, जनसमुदायमा सङ्गठनका तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

जनस्वयम्सेवकद्वारा गिरफ्तार ...

मल्ल, स्याङ्जा जिल्ला इन्चार्ज तथा केन्द्रीय सदस्य निसानबाबु पुन, जाजरकोट जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य पदम हमाल, कास्की जिल्ला कोषाध्यक्ष सूर्य परियारसहित सम्पूर्ण नेता–कार्यकर्तालाई बिनासर्त अविलम्ब रिहा गर्न माग गरेका छन् ।

भट्टले प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, 'बन्दुकको नालमुनि मतपेटिका राखेर भ्रष्टहरू नवीकरण गर्ने नाटक चुनाव मञ्चन गरिएको छ । हामी स्पष्ट छौँ– समाजवादी क्रान्तिबिना भ्रष्टहरू सत्तामा नवीकरण गर्ने गोलचक्कर प्रक्रियाले राष्ट्र र राष्ट्रियता तथा जनताका समस्याको निकास दिनेछैन ।'

अध्यक्ष भट्टले जारी गरेको विज्ञप्तिको पूर्ण विवरण यसप्रकार छ :

'नेपाली युवाहरूको प्रिय सङ्गठन युवा जनस्वयम्सेवक नेपाल देशमा व्याप्त राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक समस्याहरूविरुद्ध निरन्तर लड्दै आएको कुरा सर्वविदितै छ । राष्ट्र र जनतामाथि संसदीय व्यवस्थाले थोपरेका समस्याहरू समाजवादी क्रान्तिमार्फत समाधान दिने कुरामा हामी दृढ र प्रतिबद्ध छौँ ।

सङ्गठनका सम्पूर्ण कमरेडहरू निरन्तर जनता र राष्ट्रहितको काममा खटिराखेका छन् । दलाल संसदीय व्यवस्थाले राष्ट्र, राष्ट्रियता र जनतामाथि समस्या थोपर्नेशिवाय केही गरेको छैन । ७५ लाख युवाहरूले खाडी मुलुकमा रगत–पसिना बगाएर पठाएको रेमिट्यान्सले देशको सङ्कटग्रस्त अर्थतन्त्रमा टालो हाल्ने र अर्थतन्त्र धान्ने काम गरिएको छ । २५ प्रतिशतभन्दा बढी युवा मतदाता खाडीमा रहेको तथ्याङ्क छ भने दैनिक २८०० भन्दा बढी युवा जनशक्ति बिदेसिइरहेको विडम्बना हाम्रो आँखाअगाडि छ । आज मात्र सम्पन्न संसदीय निर्वाचनप्रति देखिएको जनताको वितृष्णाले प्रस्ट पार्दछ– यो व्यवस्था पूर्ण रूपमा असफल भइसक्यो ।

उत्साहका साथ निर्वाचन अवज्ञामा सामेल सम्पूर्ण न्यायप्रेमी अग्रगमनकारी जनसमुदायमा हार्दिक धन्यवादसमेत अर्पण गर्दछौँ ।

बन्दुकको नालमुनि मतपेटिका राखेर भ्रष्टहरू नवीकरण गर्ने नाटक चुनाव मञ्चन गरिएको छ । हामी स्पष्ट छौँ– समाजवादी क्रान्तिबिना भ्रष्टहरू सत्तामा नवीकरण गर्ने गोलचक्कर प्रक्रियाले राष्ट्र र राष्ट्रियता तथा जनताका समस्याको निकास दिनेछैन । हामीले प्रस्टै भनेका थियौँ– दलाल संसदीय व्यवस्थाले घोषणा गरेको निर्वाचन अवज्ञाकै क्रममा हाम्रो सङ्गठनका कञ्चनपुर जिल्ला इन्चार्ज तथा केन्द्रीय सचिवालय सदस्य क. दीपेन्द्र ऐरी, जिल्ला सदस्य सुरत मल्ल, स्याङ्जा जिल्ला इन्चार्ज तथा केन्द्रीय सदस्य क. निसानबाबु पुन, जाजरकोट जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य पदम हमाल, कास्की जिल्ला कोषाध्यक्ष क. सूर्य परियारलाई सामान्य राजनीतिक कार्यक्रममा सहभागी भएकैले बिनाकारण गिरफ्तार गरिएको छ ।

आफ्नो मत/फरक मत निर्धक्क राख्न पाउने र संसद्वादीहरूले दुहाइ दिएर नथाक्ने लोकतन्त्रको समेत धज्जी उडाएर गरिएको कमरेडहरूको गिरफ्तारीको घोर भर्त्सना गर्दछौँ । बिनाकारण देशभरिबाट गिरफ्तार गरिएका कमरेडहरूको यथाशीघ्र रिहाइको माग गर्दछौँ ।

संसदीय चुनाव सशक्त अवज्ञा.....

नगरौँ । यो कुनै मतदान होइन, यो वास्तवमा मत दुरुपयोग हुन जान्छ ।'

प्रवक्ता सुदर्शनले नवउदारवादी अर्थव्यवस्था र दर्शनबाट निर्देशित पुँजीवादी संसदीय राजनीतिक प्रणाली नेपाली श्रमजीवी तथा उत्पीडित वर्गका लागि आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवन विकासको छेकबार बनेर उभिएको प्रस्ट पार्दै भनेका छन्, 'यसको विकल्प भनेको जनवादी क्रान्तिसहितको वैज्ञानिक समाजवादी व्यवस्था हो ।'

प्रवक्ता सुदर्शनले अगाडि भनेका छन्, 'हामीले यो मतदानमा भाग लिने हो भने दलाल पुँजीवादका पहरेदारहरू, सहश्राब्दी चुनौती निगम (एमसीसी) लगायत असमान तथा राष्ट्रघाती सन्धिसम्झौताका अपराधीहरू, पौने करोड नेपालीहरूको रगत–पसिनाबाट आएको विप्रेषण डकार्नेहरू, मानव तस्करहरू, शिक्षा तथा स्वास्थ्यका माफियाहरूलाई झन् बलियो बनाउनेछौँ । यसपालि हामी भूल नगरौँ । मङ्सिर ४ गते हुने प्रदेश तथा सङ्घीय चुनाव अवज्ञा गरी स्वाधीन संयुक्त सरकार निर्माण गर्दै वैज्ञानिक समाजवादी व्यवस्था ल्याउने मार्ग प्रशस्त गरौँ ।'

प्रवक्ता सुदर्शनद्वारा जारी अपिलको पूर्ण विवरण यसप्रकार रहेको छ :

चुनाव अवज्ञा गर्न जनसमुदायमा अपिल !

नवउदारवादी अर्थव्यवस्था र दर्शनबाट निर्देशित पुँजीवादी संसदीय राजनीतिक प्रणाली नेपाली श्रमजीवी तथा उत्पीडित वर्गका लागि आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवन विकासको छेकबार बनेर उभिएको छ । यसको विकल्प भनेको जनवादी क्रान्तिसहितको वैज्ञानिक समाजवादी व्यवस्था हो भन्दै नेपाली श्रमजीवी तथा उत्पीडित जनताको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले यो व्यवस्थाअन्तर्गत हुने चुनाव अवज्ञा गर्ने कार्यक्रम कार्यान्वयन गरिरहेको सर्वविदितै छ । यसक्रममा हामीले क्रान्तिकारी पार्टीहरूका संयुक्त तथा एकल कार्यक्रमहरू अघि बढाइरहेका छौँ ।

इतिहासका निर्माता आदरणीय जनसमुदायलाई के अनुरोध गर्न चाहन्छौँ भने हाम्रो आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवन विकासका अवरोधहरूलाई मतदान गरी अवरोध हटाउन ढिला नगरौँ । यो कुनै मतदान होइन, यो वास्तवमा मत दुरुपयोग हुन जान्छ । हामीले यो मतदानमा भाग लिने हो भने दलाल पुँजीवादका पहरेदारहरू, सहश्राब्दी चुनौती निगम (एमसीसी) लगायत असमान तथा राष्ट्रघाती सन्धिसम्झौताका अपराधीहरू, पौने करोड नेपालीहरूको रगत–पसिनाबाट आएको विप्रेषण डकार्नेहरू, मानव तस्करहरू, शिक्षा तथा स्वास्थ्यका माफियाहरूलाई झन् बलियो बनाउनेछौँ । यसपालि हामी भूल नगरौँ । मङ्सिर ४ गते हुने प्रदेश तथा सङ्घीय चुनाव अवज्ञा गरी स्वाधीन संयुक्त सरकार निर्माण गर्दै वैज्ञानिक समाजवादी व्यवस्था ल्याउने मार्ग प्रशस्त गरौँ । दलाल पुँजीवादी राज्यसत्ता र नेपाली श्रमजीवी तथा उत्पीडित जनताबीचको अन्तरविरोध यसैबाट मात्र समाधान हुन्छ ।

दलाल संसदीय व्यवस्थाको चुनाव अवज्ञा गरौँ !

वैज्ञानिक समाजवादी क्रान्तिको बाटोमा अघि बढौँ !

चुनावमा जनताको अवज्ञा र वितृष्णा ...

र असल मानिसहरूको ठाउँमा आपराधिक आचरण र खराब प्रवृत्तिका मानिस, तस्कर, दलाल र गुण्डाहरूले ठाउँ पाउनु पनि यो व्यवस्थाको असफलता हो जसको कारण नागरिकहरूमा व्यवस्थाप्रति वितृष्णा पैदा भएको छ ।

यस्तै यो व्यवस्थाको चुनावमा जुनसुकैले जिते पनि नयाँ बोतलमा पुरानै रक्सी भरेजस्तै एउटै प्रवृत्ति देखिने र सामान्य सुधारका कामहरूबाहेक केही गर्न नसक्ने भएकाले पनि यो व्यवस्थामा व्यक्ति मात्र होइन सिङ्गो व्यवस्था नै खराब छ । त्यसकारण संरचना बदल्न आवश्यक छ भन्ने बहसले व्यापकता पाउनेछ ।

यस्तै एमालेबाट विद्रोह गरी रूपन्देहीबाट स्वतन्त्र उम्मेदवारी दिएका वामपन्थी नेता घनश्याम भुसालले पनि यो व्यवस्थामा काम गर्ने नेताहरू नसुध्रिएमा र यही प्रवृत्ति दाहोरिइरहेमा यो व्यवस्थामा नै सङ्कट आउने विश्लेषण गरेका छन् । त्यसकारण नेताहरूले विवेक पुऱ्याउनुपर्ने उनको विश्लेषण छ । दलाल संसदीय व्यवस्थाको सत्ता चास्नीमा डुबेका नेताहरूको तुलनामा उनको विश्लेषण सही देखिन्छ ।

६ दशक लामो समय नेपालको क्रान्तिकारी वामपन्थी आन्दोलनमा आफ्नो जीवन व्यतित गरिसकेका, सरल स्वभाव, साधारण जीवनशैली र सधैँ क्रान्तिका पक्षमा रहेका नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' ले यो संसदीय व्यवस्था असफल भैसकेको र यसबाट अब देश पार नलाग्ने भन्दै यो व्यवस्था नबदलेसम्म देश अघि बढ्न नसक्ने ठोकुवा गरेका छन् । संसदीय चुनावमा बहिष्कारको नीति अवलम्बन गरेको क्रान्तिकारी माओवादी नेकपा (बहुमत) सहित ४ पार्टीको सहकार्यमा चुनाव बहिष्कार तथा अवज्ञा कार्यक्रममा सहभागी थियो ।

यसैबीच नेकपा (बहुमत) ले चुनाव अवज्ञाका क्रममा मङ्सिर ४ भन्दा पहिले देशैभरि पर्चा–पम्प्लेट वितरण, भित्तेलेखन गर्नुका साथै कोणसभा र जनसभाहरू सम्पन्न गरेको छ भने कैयौँ ठाउँमा भ्रष्ट, तस्कर र दलाल उम्मेदवारहरूलाई बहिष्कार गर्न भन्दै घरहरूमा कालो ब्यानर र झन्डासमेत टाँगेको छ । यस्तै चुनावको दिन मङ्सिर ४ गते देशैभरि मतदान केन्द्रनजिक प्रदर्शन पनि गरेको छ । पोखराको लुम्रेमा नेकपा (बहुमत) का युवाहरूले मतपेटिका नै फुटाइदिएका छन् भने दाङ, काठमाडौँ, मकवानपुर, झापाको चन्द्रगढी, बैतडी, बजाङ, कञ्चनपुर, कैलाली, जाजरकोटको नलगाढ, अर्घाखाँची, नवलपुर, कपिलवस्तु, दोलखाको शैलुङ, धनुषाको वीरेन्द्रबजार, उदयपुर, सुनसरीको इटहरीलगायत ठाउँहरूमा प्रदर्शनहरू भएका छन् । प्रदर्शनका क्रममा नेकपा (बहुमत) का सयौँ नेता–कार्यर्ता गिरफ्तार भएका छन् । कतिपय जिल्लाका नेता–कार्यकर्ता रिहा भएका छन् भने कयौँ जिल्लामा रिहा हुन बाँकी छ ।

हिरासतमुक्त भक्तपुर इन्चार्ज रोजनलगायतको टोलीलाई स्वागत

काठमाडौँ/ चुनाव अवज्ञाका क्रममा गिरफ्तार भएका नेपाल कम्युनिस्ट पार्टी (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् भक्तपुर इन्चार्ज रोजन रखाललगायत ४ जनालाई मङ्गलबार पार्टीको केन्द्रीय कार्यालयले स्वागत अभिनन्दन गरेको छ ।

स्वागत कार्यक्रममा पार्टीका संयोजक कञ्चनले आफ्नो पार्टीले आयोजना गरेको निर्वाचन अवज्ञा कार्यक्रमका अवसरमा देशका ४० भन्दा बढी ठाउँमा प्रदर्शन भएको र अवज्ञाले पार्टीलाई स्थापित गर्न थप मद्दत पुगेको बताए । अहिलेको निर्वाचनमा ६० देखि ७० प्रतिशत मानिसले भोट नहालेको विभिन्न तथ्यहरूले पुस्टि गरेको भन्दै संयोजक कञ्चनले क्रान्तिकारी आन्दोलनका लागि उपयुक्त वातावरण बन्दै गएको बताए ।

स्वागत कार्यक्रममा आफ्ना अनुभूति राख्दै भक्तपुर इन्चार्ज रोजनले पार्टीको योजना कार्यान्वयन गर्न आफू सधैँ प्रतिबद्ध रहेको र आवश्यक परे जुनसुकै भूमिका पनि निर्वाह गर्न तयार हुने बताए । देशभर गरिएका आन्दोलनका कार्यक्रमले पार्टीलाई जनतामा स्थापित गराएको र आगामी दिनमा यसको भूमिका बढाउनुपर्ने उनको भनाइ थियो ।

अखिल (क्रान्तिकारी) का नेता रमेशले आन्दोलनका क्रममा रत्नपार्कका गल्लीगल्ली र कलेजका प्रवेशद्वारहरूबाट दर्जनौँपटक गिरफ्तारी दिएको अनुभूति सुनाउँदै जेल बस्नु मात्र ठूलो कुरा नभई निरन्तर क्रान्तिबाट आफ्नो उद्देश्यमा कसरी पुग्न सकिन्छ भन्ने कुरा नै मुख्य भएको बताए ।

प्रवेशले क्रान्तिलाई अघि बढाउन पार्टीले उच्च प्रविधिको प्रयोग गर्नुपर्ने सुझाव दिए भने सम्झनाले आफ्नो पार्टी सामाजिक कामहरूमा जोडिनुपर्ने, जनतालाई न्याय दिलाउनुपर्ने र उनीहरूलाई कसरी सहयोग गर्न सकिन्छ भन्ने विषयमा जोड दिनुपर्ने बताइन् ।

स्वागत कार्यक्रममा नेकपा (बहुमत) का प्रवक्ता सुदर्शन, सचिवालय सदस्य अटल, महाधिवेशन आयोजक समितिकी सदस्य देवकला अधिकारीलगायतको उपस्थिति थियो ।

नियमित

चुनाव अवज्ञा गर्न जनसमुदायमा अपिल !

नवउदारवादी अर्थव्यवस्था र दर्शनबाट निर्देशित पुँजीवादी संसदीय राजनीतिक प्रणाली नेपाली श्रमजीवी तथा उत्पीडित वर्गका लागि आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवन विकासको छेकबार बनेर उभिएको छ । यसको विकल्प भनेको जनवादी क्रान्तिसहितको वैज्ञानिक समाजवादी व्यवस्था हो भन्दै नेपाली श्रमजीवी तथा उत्पीडित जनताको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले यो व्यवस्थाअन्तर्गत हुने चुनाव अवज्ञा गर्ने कार्यक्रम कार्यान्वयन गरिरहेको सर्वविदितै छ । यसक्रममा हामीले क्रान्तिकारी पार्टीहरूका संयुक्त तथा एकल कार्यक्रमहरू अघि बढाइरहेका छौँ ।

इतिहासका निर्माता आदरणीय जनसमुदायलाई के अनुरोध गर्न चाहन्छौँ भने हाम्रो आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवन विकासका अवरोधहरूलाई मतदान गरी अवरोध हटाउन ढिला नगरौँ । यो कुनै मतदान होइन, यो वास्तवमा मत दुरुपयोग हुन जान्छ । हामीले यो मतदानमा भाग लिने हो भने दलाल पुँजीवादका पहरेदारहरू, सहश्राब्दी चुनौती निगम (एमसीसी) लगायत असमान तथा राष्ट्रघाती सन्धिसम्झौताका अपराधीहरू, पौने करोड नेपालीहरूको रगत-पसिनाबाट आएको विप्रेषण डकार्नेहरू, मानव तस्करहरू, शिक्षा तथा स्वास्थ्यका माफियाहरूलाई झन् बलियो बनाउनेछौँ । यसपालि हामी भूल नगरौँ । मङ्सिर ४ गते हुने प्रदेश तथा सङ्घीय चुनाव अवज्ञा गरी स्वाधीन संयुक्त सरकार निर्माण गर्दै वैज्ञानिक समाजवादी व्यवस्था ल्याउने मार्ग प्रशस्त गरौँ । दलाल पुँजीवादी राज्यसत्ता र नेपाली श्रमजीवी तथा उत्पीडित जनताबीचको अन्तरविरोध यसैबाट मात्र समाधान हुन्छ ।

दलाल संसदीय व्यवस्थाको चुनाव अवज्ञा गरौँ !

वैज्ञानिक समाजवादी क्रान्तिको बाटोमा अघि वढौँ !

... ...

सुदर्शन

प्रवक्ता, नेकपा (बहुमत)

४ मङ्सिर, २०७९

नेता-कार्यकर्तालाई अविलम्ब रिहा गर्न नेकपा (बहुमत) को माग

जनसङ्घर्षमाथि दमन गर्दा जनप्रतिरोध निम्तिएको इतिहासबाट पाठ सिक : सुदर्शन

काठमाडौँ/ नेकपा (बहुमत) का प्रवक्ता सुदर्शनले सामान्य हिँडडुल गरिरहेको अवस्थामा सर्लाहीको हरिवनबाट शुक्रबार गिरफ्तार गरिएका पार्टी नवौँ महाधिवेशन आयोजक समिति सदस्य एवम् सर्लाही जिल्ला इन्चार्ज विचारमान थिङ 'निर्माण' लगायत पार्टीका सम्पूर्ण नेता-कार्यकर्तालाई अविलम्ब रिहा गर्न गठबन्धन सरकारसँग माग गरेका छन् । पार्टी प्रवक्ता सुदर्शनले शान्तिपूर्ण जनसङ्घर्षमाथि दमन गर्दा विगतमा जनप्रतिरोध निम्तिएको इतिहासबाट पाठ सिक्न पनि सरकारलाई चेतावनी दिएका छन् ।

प्रहरीले विचारमानका साथै युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय उपाध्यक्ष अविनाश कुँवर, सदस्य भरत पुलामी, अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य उपेन्द्र परियारलाई पनि गिरफ्तार गरेको छ ।

पार्टी प्रवक्ता सुदर्शनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टी (बहुमत) नवौँ महाधिवेशन आयोजक समिति सदस्य एवम् सर्लाही जिल्ला इन्चार्ज क. विचारमान थिङ 'निर्माण', युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय उपाध्यक्ष क. अविनाश कुँवर र सदस्य भरत पुलामी, अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य उपेन्द्र परियारलाई शुक्रबार सर्लाही जिल्लाको हरिवनबाट शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले बिनाकारण गिरफ्तार गरेको घटनाबाट हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । सामान्य हिँडडुलमा रहेका कमरेडहरूलाई यसरी गिरफ्तार गर्नु भनेको नदुखेको टाउको कपाल तानेर दुखाउनु नै हो ।'

प्रवक्ता सुदर्शनले विज्ञप्तिमा भनेका छन्, 'दलाल पुँजीवादी राज्यसत्ता र यसको नेतृत्व गरेको सरकार नेकपा (बहुमत) बाट किन यति धेरै त्रसित भएको छ, हामीलाई थाहा छैन । हामी सरकारसँग के स्पष्ट पार्न चाहन्छौँ भने हाम्रो पार्टीको चुनाव अवज्ञा भनेको यो संसदीय व्यवस्थाको विरोध र वैज्ञानिक समाजवादी व्यवस्थाका पक्षमा शान्तिपूर्ण तरिकाले जनसङ्घर्ष गर्नु हो । यसमाथि दमन गरेर जनप्रतिरोध निम्तिएको इतिहासबाट पाठ सिक्दै गिरफ्तार गरिएका कमरेडहरूलाई शीघ्रातिशीघ्र रिहाइका लागि सरकारसँग जोडदार माग गर्दछौँ ।'

सर्लाहीमा हिरासतमुक्त पार्टी नेता-कार्यकर्ताको सम्मान

हिरासत र जेल पनि क्रान्तिका मोर्चा हुन्, जित्नुपर्छ : आले

काठमाडौँ/ निर्वाचन अवज्ञाका क्रममा गठबन्धन सरकारले सर्लाहीको हरिवनबाट गैरन्यायिक गिरफ्तार गरेका नेपाल कम्युनिस्ट पार्टी (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य तथा सर्लाही जिल्ला इन्चार्ज विचारमान थिङ 'निर्माण', युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय उपाध्यक्ष अविनाश कुँवर, अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय सचिवालय सदस्य तथा मधेस ब्युरो इन्चार्ज उपेन्द्र परियार, युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय सचिवालय सदस्य भरत पुलामीलगायत पार्टी नेता-कार्यकर्तालाई सोमबार रिहा हुनासाथ स्वागत गरिएको छ । प्रहरीले नेता-कार्यकर्तालाई गिरफ्तार गरेर सर्लाही जिल्ला प्रशासन कार्यालय मलङ्गवा पुऱ्याएको थियो ।

रिहाइपछि पार्टीका केन्द्रीय सल्लाहकार समितिका सचिव चित्रबहादुर आले 'पवन', पार्टी केन्द्रीय सचिवालय सदस्य तथा मधेस ब्युरो इन्चार्ज नयन, नवौँ महाधिवेशन आयोजक समिति सदस्य विमला, सर्लाही जिल्ला संयोजक पदम मगर 'बिहानी' लगायतले हिरासतमुक्त नेता-कार्यकर्तालाई खादा र अबिर लगाएर स्वागत गर्दै बधाई दिए ।

हिरासतमुक्त नेता-कार्यकर्तालाई बधाई दिँदै पार्टी केन्द्रीय सल्लाहकार समितिका सचिव पवनले हिरासत र जेल पनि क्रान्तिको एउटा मोर्चा रहेको बताए । उनले क्रान्तिको मोर्चामा सधैँ जित हासिल गर्दै अगाडि बढ्न पार्टी कार्यकर्तालाई प्रेरित गरेका थिए ।

हिरासतमुक्त नेता-कार्यकर्ताले महान् सहिदका अधुरा सपना क्रान्तिको मोर्चाबाट पूरा नहुँदासम्म जस्तोसुकै मूल्य चुकाउन पनि पछि नपर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

चुनाव अवज्ञाका क्रममा मधेस ब्युरोका सर्लाही, धनुषालगायत जिल्लामा अवज्ञा सभाका साथै पर्चा, पोस्टरिङ, भित्तेलेखन गरिएको थियो ।

यसअघि अवज्ञा अभियानकै क्रममा कात्तिक २९ गते गिरफ्तार गरिएका पार्टीका सिराहा जिल्ला संयोजक उचित महरा ३० गते रिहा भएका थिए ।

पार्टीका सिराहा-सप्तरी इन्चार्ज गणेश शाहलाई भने सरकारले तीनबुँदे सहमति उल्लङ्घन गर्दै धनुषाको झूट्टा मुद्दा लगाएर कारागार चलान गरेको बताइएको छ ।

शेरबहादुरको जीर्ण घर पुनर्निर्माण गरी हस्तान्तरण

गमानसिङ घर्ती, दाङ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दाङले जीर्ण भएको एक घर पुनर्निर्माण गरी घरधनीलाई हस्तान्तरण गरेको छ । तुलसीपुर उपमहानगरपालिका ५ नयाँ बसपार्कका शेरबहादुर परियारको घर पुनर्निर्माण गरी हस्तान्तरण गरिएको हो ।

घर जीर्ण अवस्थामा पुगे पनि पुनर्निर्माण गर्न नसक्दा शेरबहादुरको परिवार विगत एक वर्षदेखि आफन्तको घरमा सहारा लिँदै आएको थियो । नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को पहलमा जिल्लाका नेता-कायकर्ताले श्रमदान गरेर उक्त घर निर्माण गरिदिएका हुन् ।

घर मर्मत गर्न आवश्यक निर्माण सामग्री राप्ती ड्रिङ्किङ वाटर उद्योगले सहयोग गरेको थियो । घर हस्तान्तरण कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का नेता खेमराजले मन्तव्य राखेका थिए भने दाङ जिल्ला पार्टी संयोजक वीरेन्द्रलगायत जिल्लाका नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण तुलसीपुर नगर इन्चार्ज सजकले गरेका थिए ।

मध्यपुर थिमी नगरपालिकाको अनुरोध !

मध्यपुर थिमी नगरपालिका भित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय तथा संस्थाहरू अनिवार्यरूपमा नगरपालिकामा दर्ता गरी आफ्नो वैध व्यवसायलाई वैधानिकता प्रदान गरौं । साथै यस नगरपालिका भित्र घर जग्गा हुनेले सम्पत्ति कर/भूमि कर, घर तथा कोठा भाडामा दिई आए आर्जन गरे वापत घरबहाल कर, नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय गर्नेले व्यवसाय कर र सार्वजनिक स्थानमा सुचना/विज्ञापन पाटि राख्न विज्ञापन कर तिर्नुपर्ने कानुनी व्यवस्था रहेकोले आफ्नो दायित्व भित्र पर्ने कर समयमा र नियमित रूपमा भुक्तानी गरी असल र सभ्य नागरिकको परिचय दिऔं ।

मध्यपुर थिमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमति प्रदेश, नेपाल

विदेशबाट पठाएको रकम
सिधै IME Pay मा प्राप्त गर्नुहोस्
IME Pay मा बिदेशबाट पठाएको
पैसा प्राप्त गर्दा पाउनुहोस रू. ५०।- बोनस ।
IME International Money Express
Fast, Reliable And Secure Remittance
IME pay
GET IT ON Google Play
Download on the App Store
SCAN & DOWNLOAD

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
· ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
· उच्च गुणस्तरको रेगुलेटर
· पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
· कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोन: ४२८६८१६,
सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लि. को अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।



दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन : ०१-४२६२९७०, ४२६३४८५

निर्देशक : गुणराज लोहनी, प्रवन्ध निर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : झनक श्रेष्ठ, डिजाइन : अग्निराज पौडेल, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ